# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक २३ | काठमाडौं | शनिबार, २ जेठ २०८३ | Prabhab National Daily | Saturday, 16 May 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।-


## कार्यक्षेत्र बढाएर शक्तिशाली बने प्रधानमन्त्री

- प्रधानमन्त्री कार्यालयले गृह मन्त्रालयको मातहतमा राखिएको राष्ट्रिय अनुसन्धान विभाग (राअवि)लाई पुनः आफ्नै कार्यालयमा तानेको छ
- साविकको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्दै आएको सूचना प्रविधिसम्बन्धी कार्यलाई पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभेको छ



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाहले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्षेत्र बढाउँदै शक्तिशाली बनेका छन् । सरकारले वैशाख ३० गते 'कार्य विभाजन नियमावली, २०८३' जारी गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्यक्षेत्र बढाउँदै प्रधानमन्त्रीलाई शक्तिशाली बनाएको हो ।

नेपालको संविधानको धारा ८२ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी मन्त्रिपरिषद्ले यो नयाँ नियमावली तर्जुमा गरेको हो । बिहीबार राति राजपत्रमा प्रकाशित नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०८३ अनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई अत्यन्त शक्तिशाली बनाइएको छ ।

यो नियमावली लागू भएसँगै यसअघिको 'नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४' खारेज भएको छ । नयाँ कार्यविभाजनले प्रधानमन्त्री कार्यालयलाई राज्यका हरेक संयन्त्रको अनुगमन र निर्देशन गर्ने केन्द्रको रूपमा स्थापित गरेको छ ।

### गृहबाट तान्यो गुप्तचर विभाग

प्रधानमन्त्री कार्यालयले गृह मन्त्रालयको मातहतमा राखिएको राष्ट्रिय अनुसन्धान विभाग (राअवि)लाई पुनः आफ्नै कार्यालयमा तानेको छ ।

⏭ क्रमशः पृष्ठ २ मा

### यस्ता छन् प्रधानमन्त्री कार्यालयका ४८ कार्यक्षेत्रहरु

१. मन्त्रिपरिषद्सम्बन्धी कार्यहरु ।
२. नेपाल सरकारको कार्य विभाजन र कार्यसम्पादन नियमावली तर्जुमा तथा कार्यान्वयन ।
३. नेपालको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन ।
४. मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन ।
५. मन्त्रालयहरूको कार्यको रेखदेख, निरीक्षण, नियन्त्रण र समन्वय ।
६. अल्पकालीन र दीर्घकालीन नीति, आवधिक योजना र रणनीतिको तर्जुमा, स्वीकृति, कार्यान्वयन र मूल्यांकन ।
७. प्रचलित कानुनबमोजिम प्रमाणीकरण गर्नुपर्ने लिखतहरु ।
८. संघीय विधेयक, अध्यादेश, नियम, आदेश, निर्देशिका र कार्यविधिसम्बन्धी कार्य ।
९. मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्था, राष्ट्रिय सुरक्षा, कूटनीतिक गतिविधि आदिको अद्यावधिक जानकारी ।
१०. शासकीय प्रबन्ध, सुशासन प्रवर्द्धन र शासकीय सुधारसम्बन्धी नीति र योजना ।
११. द्विपक्षीय तथा बहुपक्षीय सन्धि, सम्झौता र समझदारीको अनुगमन ।
१२. संघीय शासन प्रणाली र अन्तरप्रदेशसम्बन्धी कार्य ।

⏭ क्रमशः पृष्ठ २ मा

सरकारी खर्चमा बेथिति

# एक वर्षमै थपियो ८८ अर्ब नौ करोड बेरुजु

## कूल बेरुजु रकम सात खर्ब ५५ अर्ब पुग्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारी निकायहरूबाट हुने अनियमित खर्च अर्थात् बेरुजुको रकम साढे सात खर्ब नाघेको छ । गत आर्थिक वर्ष २०८१/८२ मा ८८ अर्ब नौ करोड बेरुजु थपिएसँगै कूल बेरुजुको रकम सात खर्ब ५५ अर्ब रूपैयाँ पुगेको महालेखापरीक्षक कार्यालयले शुक्रबार सार्वजनिक गरेको ६३औं वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

महालेखापरीक्षक तोयम रायाले शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेललाई प्रतिवेदन बुझाएका हुन् । प्रतिवेदनमा गत आवमा संघीय, प्रदेश, स्थानीय तह, संगठित संस्था र संघीय कानुनद्वारा तोकिएका अन्य संस्था तथा समितिको ९४ खर्ब ८४ अर्ब ५० करोड रूपैयाँ बराबरको लेखापरीक्षण गरेको उल्लेख गरिएको छ ।

गत आवको लेखापरीक्षणबाट विभिन्न नीतिगत तथा प्रणालीगत सुधार गर्नुपर्ने सैद्धान्तिक व्यहोराका ८८ अर्ब नौ करोड रूपैयाँबराबरको बेरुजु फेला परेको जनाइएको छ । संघीय सरकारी कार्यालयतर्फ ५३ अर्ब ४९ करोड, प्रदेशतर्फ पाँच अर्ब २३ करोड, स्थानीय तहतर्फ १९ अर्ब पाँच करोड, समिति र अन्य संस्थातर्फ १० अर्ब ३२ करोड रूपैयाँबराबरको बेरुजु फेला परेको महालेखापरीक्षक रायाले जानकारी दिए ।

उनका अनुसार गत भदौ २३ र २४ को आन्दोलन र घटनाका कारण १७९ कार्यालय तथा निकायको लेखा र सोसम्बन्धी स्रेस्ता पेस नभएकाले एक खर्ब ४७ अर्ब ९० करोड रूपैयाँबराबरको लेखापरीक्षण हुन सकेन । विगतको बेरुजुको सम्परीक्षण र यस वर्ष औंल्याइएको व्यहोराको फर्स्योटबाट १४ अर्ब ६३ करोड रूपैयाँबराबर असुल भएको छ । यस वर्ष तीन हजार ५० संघीय मन्त्रालय तथा निकायको २९ खर्ब १७ अर्ब ९५ करोड



**महालेखापरीक्षक कार्यालयको ६३औं वार्षिक प्रतिवेदन शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेललाई बुझाउँदै महालेखापरीक्षक तोयम राया ।** *तस्बिर: रासस*

### धेरै बेरूजु भएका मन्त्रालय

| | |
|---|---|
| अर्थ | ३७ अर्ब ६३ करोड ३१ लाख |
| भौतिक पूर्वाधार तथा यातायात | ७ अर्ब १० करोड |
| भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण | १ अर्ब ५३ करोड |
| वन तथा वातावरण | १ अर्ब ३४ करोड |
| सञ्चार तथा सूचना प्रविधि | १ अर्ब १६ करोड |
| सहरी विकास | ८० करोड ५१ लाख |
| परराष्ट्र | ७४ करोड ३४ लाख |
| ऊर्जा, जलस्रोत तथा सिँचाइ | ६५ करोड २६ लाख |
| गृह | ५७ करोड ७२ लाख |
| स्वास्थ्य तथा जनसंख्या | ५२ करोड ४३ लाख |

रूपैयाँबराबरको लेखापरीक्षण गरेको छ ।

एक हजार १२४ प्रदेश मन्त्रालय तथा निकायको तीन खर्ब २० अर्ब ३० करोड, ७२१ स्थानीय तहको ११ खर्ब नौ अर्ब ५२ करोड रूपैयाँबराबरको लेखापरीक्षण गरिएको छ । यसैगरी ५७७ समिति र अन्य संस्थाको चार खर्ब ४७ अर्ब ७७ करोड र संघीय कानुनद्वारा तोकिएका ४४ संस्थाको ५४ आर्थिक वर्षको ४६ खर्ब ८८ अर्ब ९६ करोड रूपैयाँसमेत ९४ खर्ब ८४ अर्ब ५० करोड रूपैयाँबराबरको लेखापरीक्षण सम्पन्न गरिएको महालेखापरीक्षक रायाले बताए ।

### कुन तहमा कति बेरूजु

| | |
|---|---|
| संघीय सरकारी कार्यालयतर्फः- | **५३ अर्ब ४९ करोड** |
| प्रदेशतर्फः- | **पाँच अर्ब २३ करोड** |
| स्थानीय तहतर्फः- | **१९ अर्ब पाँच करोड** |
| समिति र अन्य संस्थातर्फः- | **१० अर्ब ३२ करोड** |

### मधेस प्रदेशमा सबैभन्दा धेरै बेरूजु

प्रतिवेदनअनुसार सबैभन्दा धेरै बेरुजु भएको प्रदेशमा मधेस रहेको छ । सो प्रदेशको बेरुजु प्रतिशत ३.७७ रहेको छ । कूल १५० कार्यालयको ४९ अर्ब ६९ करोड रूपैयाँबराबरको लेखापरीक्षण गर्दा एक अर्ब ८७ करोड रूपैयाँबराबरको बेरुजु देखिएको छ ।

त्यसैगरी, सबैभन्दा कम बेरुजु बागमती प्रदेश सरकारको छ । सो प्रदेशको बेरुजु ०.८३ प्रतिशतमात्रै छ । बागमती प्रदेशको २०९ कार्यालयको ८३ अर्ब १५ करोड रूपैयाँबराबरको लेखापरीक्षण गरिएको थियो । त्यसमध्ये ६९ करोड ३७ लाख रूपैयाँमात्रै बेरुजु फेला परेको छ ।

### बेरूजुको ७० प्रतिशत रकम अर्थ मन्त्रालयमा

संघीय मन्त्रालयतर्फ सबैभन्दा धेरै बेरुजु अर्थ मन्त्रालयमा रहेको पाइएको छ । महालेखापरीक्षक कार्यालयको प्रतिवेदनअनुसार गत आव आवमा संघीय निकायतर्फ...

⏭ क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

# नौ महिनामा भित्रियो १६ खर्ब ५९ अर्ब रेमिट्यान्स

- द्वन्द्वको प्रभाव विप्रेषण आप्रवाहमा देखिएन
- चैत महिनामामात्रै भित्रियो दुई खर्ब नौ अर्ब ७५ करोड
- अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३९.१ प्रतिशतले वृद्धि

■ प्रभाव संवाददाता

**काठमाडौं–** पश्चिम एसियाको द्वन्द्वकाबीच पनि मुलुक भित्रने विप्रेषण (रेमिटचान्स) मा बढेको छ । नेपालीहरूको प्रमुख रोजगार गन्तव्य बनेका खाडी मुलुकहरू इजरायल-अमेरिका र इरानबीचको युद्धले प्रभावित बनेको अवस्थामा नेपाल भित्रिने विप्रेषण आप्रवाहमा गिरावट आउने प्रक्षेपण विज्ञको थियो । युद्धका कारण उक्त क्षेत्रको श्रम स्वीकृति बन्द हुनु, श्रमिकहरू बेतलबी बिदामा बस्न बाध्य हुनु, रोजगारी गुम्नुजस्ता कारणले रेमिटचान्स घट्ने आकलन गरिए पनि त्यस्तो प्रभाव नपरेको नेपाल राष्ट्र बैंकको पछिल्लो प्रतिवेदनले देखाएको छ ।

राष्ट्र बैंकले बिहीबार सार्वजनिक गरेको मुलुकको वर्तमान आर्थिक तथा वित्तीय अवस्थासम्बन्धी प्रतिवेदनका अनुसार गत चैत महिनासम्म विप्रेषणमा कुनै असर देखिएको छैन । चैतमा भित्रिएको रेमिटचान्सले उल्टै कीर्तिमान कायम गरेको छ । चैत महिनामामात्रै दुई खर्ब नौ अर्ब ७५ करोड रूपैयाँ विप्रेषण मुलुक भित्रिएको छ । यो रकम यस आर्थिक वर्षको प्रत्येक महिनामा भित्रिएको रकममध्ये सबैभन्दा बढी हो । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा एक खर्ब ३९ अर्ब ५४ करोड रूपैयाँ भित्रिएको थियो ।

प्रतिवेदनअनुसार गत साउनदेखि चैतसम्म नौ महिनाको अवधिमा विप्रेषण आप्रवाह ३९.१ प्रतिशतले बढेर १६ खर्ब ५९ अर्ब ४१ करोड रूपैयाँ पुगेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा ११ खर्ब ९१ अर्ब रूपैयाँ भित्रिएको थियो । यस अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह ३९.१ प्रतिशतले बढेर ११ अर्ब ५५ करोड रूपैयाँ पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह ७.५ प्रतिशतले बढेको थियो ।

⏭ क्रमशः पृष्ठ २ मा



### कुन महिनामा कति रेमिटचान्स ?

| महिना | रकम (रु.) |
|---|---|
| साउन | एक खर्ब ७७ अर्ब ४१ करोड |
| भदौ | एक खर्ब ७४ अर्ब ६७ करोड |
| असोज | दुई खर्ब एक अर्ब २२ करोड |
| कातिक | एक खर्ब ३३ अर्ब ८२ करोड |
| मंसिर | एक खर्ब ८३ अर्ब १८ करोड |
| पुस | एक खर्ब ९२ अर्ब ६२ करोड |
| माघ | एक खर्ब ९८ अर्ब आठ करोड |
| फागुन | एक खर्ब ८८ अर्ब ६४ करोड |
| चैत | दुई खर्ब नौ अर्ब ७५ करोड |


## गणतन्त्र दिवस मनाऔं, लोकतन्त्र सुदृढ बनाऔं ।

- जनताको बलिदानबाट प्राप्त गणतन्त्रको सम्मान गरौं,
- संविधानको पालना गरी नागरिक कर्तव्य पूरा गरौं,
- सुशासन, पारदर्शिता र उत्तरदायित्वलाई प्रवर्द्धन गरौं,
- विभेदरहित समाज निर्माणमा सबैले योगदान दिऔं,
- राष्ट्रिय एकता, अखण्डता र सार्वभौमिकताको रक्षा गर्न एकजुट होऔं,
- विकास र समृद्धिको यात्रामा सक्रिय सहभागिता जनाऔं,
- लोकतान्त्रिक मूल्य-मान्यता र मानवअधिकारको संरक्षण गरौं

गणतन्त्रको सुदृढीकरण, समुन्नत नेपालको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## पृष्ठ १ बाट क्रमशः

## एक वर्षमै...

कूल ५३ अर्ब ४८ करोड ७७ लाख रूपैयाँ बराबरको बेरुजु देखिएको छ । जसमा अर्थ मन्त्रालय र त्यस मातहतका निकायकोमात्र ७० प्रतिशत अर्थात् ३७ अर्ब ६३ करोड ३१ लाख रूपैयाँ बेरुजु कायम भएको छ । दोस्रो स्थानमा साविकको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय रहेको छ । सो मन्त्रालयले कूल संघीय बेरुजुको १३.२८ प्रतिशत हिस्सा ओगटेको छ । सात अर्ब १० करोड बेरुजु यस मन्त्रालयको छ ।

यसैगरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको एक अर्ब ५३ करोड, वन तथा वातावरण मन्त्रालयको एक अर्ब ३४ करोड, सञ्चार तथा सूचना प्रविधिको एक अर्ब १६ करोड, सकहरी विकास मन्त्रालयको ८० करोड ५१ लाख, परराष्ट्र मन्त्रालयको ७४ करोड ३४ लाख, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको ६५ करोड २६ लाख, गृहको ५७ करोड ७२ लाख, स्वास्थ्य तथा जनसंख्याको ५२ करोड ४३ लाख र अन्य मन्त्रालयको एक अर्ब ३५ करोड ८६ लाख रूपैयाँ बराबर बेरुजु कायम भएको छ ।

अर्थ मन्त्रालयमा धेरै बेरुजु देखिनुमा उक्त मन्त्रालयको लेखा परीक्षण अंक नै ठूलो रहेकोले बताइएको छ । महालेखाका अनुसार कूल २२ खर्ब ४४ अर्ब ७८ करोड आठ लाख रूपैयाँबराबरको लेखा परीक्षण गर्दा बेरुजु रकम ३७ अर्ब ६३ करोड ३१ लाख रूपैयाँ देखिएको हो ।

उक्त बेरुजुमध्ये २० अर्ब ९५ करोड रूपैयाँ असुल गर्नुपर्ने, १६ अर्ब ६३ करोड रूपैयाँ नियमित गर्नुपर्ने र चार करोड ५७ लाख रूपैयाँ पेस्की बेरुजु देखिएको प्रतिवेदनमा उल्लेख छ ।

### १४ अर्ब ६३ करोडबराबरको बेरूजु असुल

लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन सम्बन्धित निकायलाई उपलब्ध गराइएपछि १४ अर्ब ६३ करोड २६ लाख ९९ हजार रूपैयाँबराबर असुल भएको महालेखापरीक्षक कार्यालयको प्रतिवेदनमा जनाइएको छ । सोमध्ये लेखापरीक्षणको क्रममा ५७ करोड ६९ लाख रूपैयाँ, प्रारम्भिक प्रतिवेदन पठाएपछि ९० करोड ४८ लाख रूपैयाँ, संपरीक्षणका क्रममा १३ अर्ब १५ करोड १० लाख रूपैयाँ असुल भएको प्रतिवेदनमा उल्लेख छ ।

### स्थानीय तहको बेरूजु दुई खर्ब नाघ्यो

प्रतिवेदनअनुसार स्थानीय तहको गत आव २०८१/८२ को लेखा परीक्षणबाट १९ अर्ब चार करोड ७७ लाख रूपैयाँ थपिएको छ । यससँगै स्थानीय तहको बेरुजु दुई खर्ब २० अर्ब ४७ करोड २६ लाख रूपैयाँ पुगेको छ । आर्थिक वर्ष २०८०/८१ सम्मको कूल बेरुजु दुई खर्ब नौ अर्ब २८ करोड ९१ लाख रूपैयाँ रहेको थियो । महालेखापरीक्षकको कार्यालयका अनुसार स्थानीय तहमा गत आवमा संपरीक्षणबाट आठ अर्ब १४ करोड ६४ लाख रूपैयाँ फर्स्योट, समायोजन तथा संपरीक्षणबाट २८ करोड २२ लाख रूपैयाँ थप भएको छ ।

गत आवमा ७२१ स्थानीय तहको ११ खर्ब नौ अर्ब ५२ करोड ३८ लाख रूपैयाँको लेखापरीक्षण सम्पन्न भएको महालेखापरीक्षकको कार्यालयले जनाएको छ। लेखापरीक्षणबाट ७२१ स्थानीय तहको २१ अर्ब ४७ करोड ५० लाख रूपैयाँ बेरुजु देखिएकामा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि दुई अर्ब ४२ करोड ७३ लाख रूपैयाँ फर्स्योट गरेकाले १९ अर्ब चार करोड ७७ लाख रूपैयाँ बाँकी रहेको जनाइएको छ ।

सोमध्ये असुल गर्नुपर्ने दुई अर्ब एक करोड ३३ लाख रूपैयाँ, नियमित गर्नुपर्ने १५ अर्ब १८ करोड ९४ लाख र म्याद नाघेको पेस्की एक अर्ब ८४ करोड ५० लाख बाँकी बेरुजु देखिएको छ ।

यो वर्ष लेखापरीक्षणबाट औँल्याइएपछि ४९१ स्थानीय तहले ३२ करोड १९ लाख रूपैयाँ र प्रारम्भिक प्रतिवेदन जारी गरेपछि ५०२ स्थानीय तहले ४७ करोड ९६ लाख रूपैयाँसमेत ८० करोड १४ लाख रूपैयाँ असुली गरेका छन् । विगत वर्षको बेरुजु संपरीक्षणको क्रममा ४८२ स्थानीय तहबाट एक अर्ब एक करोड ८७ लाख रूपैयाँसमेत यो वर्ष कूल एक अर्ब ८२ करोड एक लाख रूपैयाँ असुल भई सम्बन्धित राजस्व खातामा दाखिला भएको प्रतिवेदनमा उल्लेख छ ।

गत आवमा चार महानगरपालिका, १० उपमहानगरपालिका, २६१ नगरपालिका र ४४६ गाउँपालिकासमेत ७२१ स्थानीय तहको ११ खर्ब नौ अर्ब ५२ करोड रूपैयाँको लेखापरीक्षण सम्पन्न गरिएको छ । प्रतिवेदनअनुसार यो आवमा एक स्थानीय तहले लेखापरीक्षण गराएको छैन ।

■ ■ ■

## कार्यक्षेत्र बढाएर...

एमाले अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री बनेका बेला २०७४ फागुन १६ मा गृहबाट राअवि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय लगिएको थियो । सुशीला कार्कीको नेतृत्वमा सरकार बनेपछि गत मंसिरमा राअवि गृह मन्त्रालयमा फर्काइएको थियो । सरकारले सुशासन मार्गचित्रको सुझावअनुसार गुप्तचरी निकायलाई अझ बलियो बनाउन प्रधानमन्त्री कार्यालय मातहत लगिएको दाबी गरेको छ ।

सरकारका सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा गठित समितिले तयार पारेको सुशासन मार्गचित्रको ८०२ पेजमा राअविलाई प्रधानमन्त्री कार्यालय मातहत राख्न सुझाव दिइएको थियो । 'विभागलाई पटक-पटक मन्त्रालय परिवर्तन नगरी प्रधानमन्त्री कार्यालय मातहत राखेर स्थायित्व दिने' सुशासन मार्गचित्रमा उल्लेख छ । सरकारले गृहअन्तर्गत हेरिने विपद् व्यवस्थापनसम्बन्धी समन्वय पनि प्रधानमन्त्री कार्यालयबाटै गर्ने भएको छ ।

### सञ्चार मन्त्रालयको अधिकार पनि अब प्रधानमन्त्री मातहात

यसअघि सरकारले साविकको सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले गर्दै आएको सूचना प्रविधिसम्बन्धी कार्यलाई पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गाभेको थियो । कार्यालयको जिम्मेवारीमा मन्त्रिपरिषद्का निर्णय कार्यान्वयनदेखि लिएर आर्टिफिसियल इन्टेलिजेन्स र साइबर सुरक्षासम्मका ४८ वटा कार्यक्षेत्र समेटिएका छन् ।

सूचना प्रविधिबारे ३८ बुँदादेखि ४३ बुँदासम्म उल्लेख गरिएको छ । जसमा सूचना प्रविधि तथा विद्युतीय शासनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन, सूचना प्रविधिको प्रवर्द्धन, सूचना प्रविधिसम्बन्धी संस्थाहरूसमेत अटाइएको छ ।

■ ■ ■

## नौ महिनामा...

चालु आर्थिक वर्षको साउनमा एक खर्ब ७७ अर्ब ४१ करोड, भदौमा एक खर्ब ७४ अर्ब ६७ करोड, असोजमा दुई खर्ब एक अर्ब २२ करोड, कात्तिक एक खर्ब ३३ अर्ब ८२ करोड, मंसिरमा एक खर्ब ८३ अर्ब १८ करोड, पुसमा एक खर्ब ९२ अर्ब ६२ करोड, माघमा एक खर्ब ९८ अर्ब आठ करोड र फागुनमा एक खर्ब ८८ अर्ब ६४ करोड रूपैयाँ रेमिटान्स भित्रिएको राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख छ ।

समीक्षा अवधिमा संस्थागत र व्यक्तिगत श्रम स्वीकृति लिएर दुई लाख ९४ हजार १८६ जना वैदेशिक रोजगारीमा गएका छन् । साथै, पुनः श्रम स्वीकृति लिएर दुई लाख ९३ हजार २५९ जना गएका छन् । अघिल्लो वर्षको सोही अवधिमा पाँच लाख ८७ हजार ४८१ जना रोजगारीका लागि विदेसिएको तथ्यांक छ। अघिल्लो आर्थिक वर्षमा नयाँ श्रम स्वीकृति लिएर तीन लाख ५८ हजार २२२ जना तथा पुनः श्रम स्वीकृति लिएर दुई लाख ४९ हजार ६५२ जना गरी जम्मा छ लाख सात हजार ८७४ जना गएका थिए । गत फेब्रुवरी २८ यता सुरु भएको युद्धका कारण करिब एक महिना वैदेशिक रोजगार पूर्णरूपमा बन्द हुँदा रोजगारीमा जानेहरूको संख्यामा केही कमी आएको छ ।

हाल युद्धका बाबजुद पनि प्रभावित मुलुकबाट फर्किनेहरूको संख्या न्यून हुनु, अमेरिकी डलरको भाउ बढ्नु, श्रमिकहरू सीपयुक्त भएर जानु, वैधानिक माध्यमबाट विप्रेषण भित्र्याउन विदेशस्थित नियोगहरूले पनि कडाइ गर्नुजस्ता कारणले मुलुक भित्रने रकममा निरन्तर वृद्धि हुँदै आएको जानकारहरू बताउँछन् ।

पश्चिम एसियाका १६ वटा मुलुकमा करिब १८ लाख नेपाली कार्यरत रहेको सरकारी तथ्यांक छ । उक्त क्षेत्रको साउदी अरब, संयुक्त अरब इमिरेट्स (युएई), कतारलगायतका मुलुकमा ठूलो संख्यामा नेपालीहरू छन् । इजरायल र अमेरिकाले इरानमाथि गरेको हमलाको प्रतिरोधमा इरानले खाडी मुलुकहरूमा निरन्तर ड्रोन तथा मिसाइल आक्रमण गर्दा श्रमिकहरू असुरक्षित भएका थिए । यद्यपि, गत वैशाख ७ गतेदेखि उक्त क्षेत्रको आवस्था सामान्य भइसकेको छ । हालसम्म उक्त क्षेत्रको द्वन्द्वको असर विप्रेषणमा नदेखिए पनि आश्रित परिवारमा भने विभिन्न मनोसामाजिक असर देखिन थालेको अध्ययनहरू सार्वजनिक हुन थालेका छन् ।

## यस्ता छन् प्रधानमन्त्री कार्यालयका ४८ कार्यक्षेत्रहरु

१३. प्रधानमन्त्रीको सम्पर्क र सञ्चार ।
१४. प्रधानमन्त्रीको निर्देशन कार्यान्वयन ।
१५. मानवअधिकारको संरक्षण, प्रवर्द्धन, समन्वय र प्रतिवेदन ।
१६. भ्रष्टाचार नियन्त्रण तथा सदाचारसम्बन्धी नीति, रणनीति र कानुन कार्यान्वयन ।
१७. संघीय संसद्को अधिवेशन आह्वान र अन्त्य ।
१८. प्रदेश प्रमुखसम्बन्धी कार्य ।
१९. परराष्ट्र तथा सुरक्षा मामिला ।
२०. राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालयसम्बन्धी ।
२१. संवैधानिक परिषद्सम्बन्धी कार्य ।
२२. अख्तियार दुरूपयोग अनुसन्धान आयोग ।
२३. लोकसेवा आयोग ।
२४. राष्ट्रिय मानवअधिकार आयोग ।
२५. महान्यायाधिवक्ताको कार्यालय ।
२६. राष्ट्रिय योजना आयोग ।
२७. लगानी बोर्ड ।
२८. राष्ट्रिय अनुसन्धान विभाग ।
२९. राष्ट्रिय सतर्कता केन्द्र ।
३०. सार्वजनिक खरिद अनुगमन कार्यालय ।
३१. नेपाल ट्रस्टको कार्यालय ।
३२. राष्ट्रिय तथ्यांक कार्यालय ।
३३. विषयविज्ञ समूहसम्बन्धी ।
३४. राष्ट्रिय तथा अन्तरप्रदेशस्तरीय विकास आयोजनाहरूको नतिजा व्यवस्थापन ।
३५. विपद् व्यवस्थापनसम्बन्धी समन्वय ।
३६. प्रधानमन्त्री केन्द्रीय विपद् सहायता कोष सञ्चालन ।
३७. अदालतको फैसला कार्यान्वयन तथा अनुगमन ।
३८. सूचना प्रविधि तथा विद्युतीय शासनसम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन ।
३९. सूचना प्रविधिको प्रवर्द्धन ।
४०. सूचना प्रविधिसम्बन्धी संस्थाहरु ।
४१. साइबर सुरक्षा, डेटा सुरक्षा र डेटा गभर्नेन्स ।
४२. आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सम्बन्धी कार्य ।
४३. सूचना प्रविधि तथा विद्युतीय (डिजिटल) शासन ।
४४. राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग गरिने सन्धि, सम्झौता र सम्पर्क ।
४५. सार्वजनिक संस्थान, प्राधिकरण, समिति, बोर्ड, केन्द्र आदिको सञ्चालन र नियमन ।
४६. नेपाल न्याय सेवाको सरकारी वकिल समूहको सेवा सञ्चालन ।
४७. प्रधानमन्त्री र मन्त्रिपरिषद्सम्बन्धी अन्य कार्यहरु ।
४८. अवशिष्ट अधिकारको प्रयोग ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०२/०२ गते**

यस कम्पनीको मिति २०८३/०१/१० को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **फोर्जिङ् द फ्युचर एकेडेमी प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/३० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **बिकटेश्वर ईङ्लिश सेकेण्डरी स्कूल काभ्रेपलाञ्चोक प्रा.लि. (प्रा.लि.नं. २८९९५)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### कम्पनी खारेज (बन्द) सम्बन्धि सूचना

कम्पनी ऐन २०६३ बमोजिम २०८२/०२/१४ गते श्री कर्ण बाघ प्रोडक्शन को नामबाट दर्ता भएको प्रा.लि.नं. ३६७६४८/०८१/०८२ को शेयरधनीको निर्णय बमोजिम कम्पनी स्वेच्छिक खारेजी लिक्विडेशनको रजिष्ट्रर कार्यालय काठमाडौंमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सूचित गरिन्छ ।

**लिक्विडेटरः तिर्थ राज कठायत (प्र.नं.६३१)(९८४००५३८७४), बबरमहल,काठमाडौं**

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८३/०२/०२ गते**

यस कम्पनीको मिति २०८३/०१/१६ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **साख्वा लिकर्स प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०१/१७ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **जगत ज्ञानी प्रा.लि. (प्रा.लि.नं.२४९९९७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्रि सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०२/०२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व. २०८१/०८२ मा उत्पादन भई जिल्ला वन पैदावार आपूर्ति समितिलाई छुट्टयाइएकोमा आपूर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान ६७ को ९७५.७३ घनफिट काठ जे जस्तो अबस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ। पुर्ण ब्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ ।

**गोरखनाथ सामुदायिक वन उपभोक्ता समूह**
**बागमती- ७, मकवानपुर**

**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

### नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकानशित मितिः २०८३/०२/०२

**पि. सि. एस. भेन्चर प्रा. लि.** को मिति २०८३।१।२० गते सम्पन्न विशेष/साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चलअचल सम्पति तथा तिर्नु ब्यहोर्नु पर्ने ऋण, धन ,कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी नोभा भेन्चर प्रा. लि. (प्रा. लिं. ३०३७७७) कायम गर्ने गरी मिति २०८३।१।२१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकाले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कर्मचारी हटाइएको सम्बन्धी सूचना

यस **Lion Recruitment Services Pvt.ltd** (ई.प.नं.१७७०/०८१/०८२) मा कार्यरत **झमिन्द्र कामी** (**ना.प्र.प.नं.४१-०१-७२-०५१६**, जि.प्र.का.गुल्मी) लाई आजको मितिदेखि यस प्रा.लि.बाट हटाइएको हुँदा निज व्यक्तिहरूसँग यस प्रा.लि.सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

**LION RECRUITMENT SERVICES PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com
Govt. License 1770/081/082

### वन पैदावार बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३/०२/०२**

यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट स्वीकृत वन कार्ययोजना बमोजिम आ.व.२०८२/०८३ मा उत्पादन भएको तथा जिल्ला वन पैदावार आपुर्ति समितिबाट फिर्ता भई घाटगद्दीमा लट बनाई राखिएको साल र असना जातको गोलिया थान ३३१ को ४१९४.३५ घनफिट काठ तथा साल जातको दाउरा ४.०० चट्टा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । प्रचलित कानून बमोजिम उद्योगको रूपमा दर्ता तथा नविकरण भएको, वन नियमावली २०७९ को नियम १२८ बमोजिम सूचीकृत तथा अद्यावधिक भएको उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस समूहको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ । पुर्ण व्यहोराको सूचना यस समूहको कार्यालयको सूचना पाटीमा टांस गरिएको छ ।

**पशुपति सामुदायिक वन उपभोक्ता समूह**
**बकैया- ७, मकवानपुर**

### कतारमा रोजगार

कम्पनी : LULU HYPERMARKET TRADING CO. WLL

पूर्व स्वीकृति मिति : २०८२/०९/१६ | पूनः विज्ञापन स्वीकृति मिति : २०८३/०२/०१ | LT. No. 336333 | चलानी नं. ६०२४९९३३

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Labour | 196 | 141 | 1000 | ४२,०९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ जेठ ९ गते (23rd May. 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**JOB SEEKER MANPOWER Pvt. Ltd.**
Tokha-11, Kathmandu, Nepal. Tel : +977-4390133, 4355356, 4355356,
E-mail : info@jobseekermanpower.com.np, Website :www.jobseekermanpower.com.np
श्रम ईजाजत नं. १००९/०६८/६९


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

शनिबार, २ जेठ, २०८३

| | |
|---|---|
| **मेष** | आज नयाँ कामको सुरुवातका लागि राम्रो दिन छ । आत्मविश्वास बढ्नेछ । परिवारबाट सहयोग मिल्नेछ । |
| **वृष** | धैर्य र संयम आवश्यक छ । खर्च बढ्न सक्छ । स्वास्थ्यमा सामान्य ध्यान दिनु राम्रो हुन्छ । |
| **मिथुन** | काममा सफलता मिल्ने संकेत छ । साथीभाइसँग रमाइलो भेटघाट हुनेछ । शुभ समाचार प्राप्त हुन सक्छ । |
| **कर्कट** | मन अलि चञ्चल रहन सक्छ । महत्वपूर्ण निर्णय गर्दा सोचेर अघि बढ्नुहोस् । पारिवारिक साथ मिल्नेछ । |
| **सिंह** | आर्थिक पक्ष बलियो बन्नेछ । व्यापार तथा जागिरमा प्रगति हुने सम्भावना छ । सम्मान प्राप्त हुन सक्छ । |
| **कन्या** | आजको दिन सकारात्मक रहनेछ । अध्ययन तथा नयाँ योजना सफल बन्न सक्छन् । यात्राको योग छ । |
| **तुला** | अनावश्यक विवादबाट टाढा रहनुहोस् । काममा मेहनत अनुसारको फल पाइनेछ । प्रेम सम्बन्ध राम्रो रहनेछ । |
| **वृश्चिक** | नयाँ अवसर प्राप्त हुन सक्छ । आत्मबल बढ्नेछ । परिवारसँग खुसीयाली समय बित्नेछ । |
| **धनु** | आज भाग्यले साथ दिनेछ । धार्मिक तथा सामाजिक कार्यमा मन जानेछ । आर्थिक लाभको सम्भावना छ । |
| **मकर** | कामको चाप बढ्न सक्छ तर परिणाम राम्रो आउनेछ । स्वास्थ्यमा सामान्य सावधानी अपनाउनुहोस् । |
| **कुम्भ** | सृजनात्मक काममा सफलता मिल्नेछ । साथीभाइबाट सहयोग प्राप्त हुनेछ । मन प्रसन्न रहनेछ । |
| **मीन** | आजको दिन मिश्रित फलदायी छ । खर्च नियन्त्रण गर्नु राम्रो हुन्छ । परिवारसँग सम्बन्ध अझ मजबुत बन्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टचाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२ जेठ, २०८३ (१६ मे २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.८४ | १५३.४४ |
| युरो | १ को | १७९.०३ | १७९.७३ |
| पाउन्ड स्टिर्लङ | १ को | २०६.४४ | २०७.२५ |
| स्विस फ्रैन्क | १ को | १९५.५९ | १९६.३५ |
| अस्ट्रेलियन डलर | १ को | ११०.८० | १११.२४ |
| क्यानाडियन डलर | १ को | १११.६३ | ११२.०७ |
| सिङगापुर डलर | १ को | १२०.११ | १२०.५८ |
| जापानी येन | १० को | ९.६९ | ९.७२ |
| चिनियाँ युआन | १ को | २२.५१ | २२.५९ |
| साउदी अरब रियाल | १ को | ४०.७४ | ४०.९० |
| कतारी रियाल | १ को | ४१.९३ | ४२.०९ |
| थाई भाट | ख १ को | ४.७२ | ४.७४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.६१ | ४१.७८ |
| मलेसियन रिङेट | १ को | ३८.८९ | ३९.०४ |
| दक्षिण कोरियन वन | १०० को | १०.२६ | १०.३० |
| स्विडिस क्रोनर | १ को | १६.४० | १६.४७ |
| डेनिस क्रोनर | १ को | २३.९६ | २४.०५ |
| हङकङ डलर | १ को | १९.५२ | १९.६० |
| कुवेती दिनार | १ को | ४९८.९१ | ५००.८७ |
| बहराइन दिनार | १ को | ४०५.२५ | ४०६.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।

# दुई दिन बिदाको निर्णयपछि पठनपाठन सञ्चालनका लागि नयाँ व्यवस्था

■ प्रकाश सिलवाल

**काठमाडौं-** शनिबार र आइतबार सार्वजनिक बिदा दिने सरकारको निर्णय लागू भएपछि पाठ्यक्रम विकास केन्द्रले विद्यालय तहमा पठनपाठन सञ्चालन र कार्यघण्टा मिलानका लागि नयाँ व्यवस्थापन गरेको छ ।

इन्धनको सहजताका लागि नेपाल सरकार, मन्त्रिपरिषद्को गत चैत २२ गतेको निर्णयअनुसार सरकारी कार्यालय तथा सम्पूर्ण शैक्षिक संस्थामा सातामा दुई दिन शनिबार र आइतबार बिदा दिने निर्णयपछि केन्द्रले नयाँ व्यवस्थापन गरेको हो । नयाँ व्यवस्थापनअनुसार विद्यालय सञ्चालन हुने पाँच दिन तथा पठनपाठन हुने अवधिसमेत समायोजन गर्न पाठ्यक्रम विकास केन्द्र, स्थानीय तह, शिक्षक, विद्यालय र सरोकार भएका पक्षलाई सास्ती भएको छ ।

समायोजनको उक्त आवश्यकतालाई ध्यान दिएर शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा भएको राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्यांकन परिषद्को यही वैशाख ११ गतेको बैठकबाट गठित कार्यदलको सुझावका आधारमा पाठ्यक्रम स्वीकृत गरिएको छ । उक्त स्वीकृत पाठ्यक्रमले तोकेअनुसार कार्यघण्टा मिलान गरिएको केन्द्रका महानिर्देशक युवराज पौडेलले जानकारी दिए ।

सरकारबाट निर्धारित सार्वजनिक बिदा, शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ अनुसार दिइएका बिदाबाहेकको व्यवस्था, प्रदेश र स्थानीय तहअन्तर्गत दिइने बिदासमेत हुँदा वार्षिक कार्यघण्टा पूरा गर्न विद्यालयलाई चुनौती हुँदै आएको छ । शिक्षा नियमावली, २०५९ को नियम ८५ (क) को उपनियम ७ मा विद्यालयको एक शैक्षिकसत्रमा कम्तीमा २२० दिन पठनपाठन हुनेगरी व्यवस्था रहेको छ भने सोही नियमावलीको नियम ८५ (क) को उपनियम ९ मा बडादसैंको घटस्थापनादेखि पूर्णिमासम्म विद्यालय बन्द रहने व्यवस्था गरिएको छ ।

नियम ५८ उपनियम ३ मा एक शैक्षिकसत्रमा दिइने बिदा वा बन्द बिदा बढीमा ४५ दिन रहने व्यवस्था छ । पाठ्यक्रममा तोकिएको विषयवस्तु, त्यसका लागि छुट्याइएको पाठ्यभार तथा विद्यालयले सञ्चालन गर्ने अतिरिक्त क्रियाकलापलाई समेत समन्वयिक व्यवस्थापन गर्दै अघि बढ्ने गरी केन्द्रले निर्देश गरेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले प्रारम्भिक बालविकास तथा शिक्षाका लागि एक शैक्षिकसत्रमा वार्षिकरूपमा ७६५ घण्टा दैनिक सिकाइ क्रियाकलाप र विषयगत सिकाइ क्रियाकलाप सञ्चालन हुने भनेको छ । वार्षिक २६५ घण्टा मनोरञ्जन, बाह्य खेल, आराम तथा खाना खाने समय हुने र उक्त समयमा बालबालिकाले प्रारम्भिक बालविकास केन्द्रमा बिताउने पूरा अवधिलाई मानिएको छ ।

विद्यालय शिक्षाका सबै कक्षाका लागि एक शैक्षिक वर्षमा कम्तीमा २०५ दिन पठनपाठन सञ्चालन हुने, कक्षा १ देखि ३ सम्म जम्मा २६ पाठ्यघण्टा अर्थात् वार्षिक ८३२ कार्यघण्टाको पठनपाठन गर्नुपर्ने भएकाले त्यसको व्यवस्थापन गरिएको महानिर्देशक पौडेलले बताए । उनका अनुसार कक्षा ४ देखि ७ सम्म जम्मा ३२ पाठ्यघण्टा अर्थात् वार्षिक एक हजार २४ कार्यघण्टा र कक्षा ९, १०, ११ र १२ मा कम्तीमा ३७ पाठ्यघण्टा अर्थात् एक हजार १८४ कार्यघण्टादेखि बढीमा ४२ पाठ्यघण्टा अर्थात् एक हजार ३४४ कार्यघण्टा पठनपाठन गर्नुपर्ने हुन्छ ।

**शैक्षिक सत्र २०८३ को अवधि विश्लेषण**

२०८३ सालको शैक्षिक सत्र वैशाख १५ गतेबाट सुरु गर्ने र २०८२ चैत्र २३ देखि सम्पूर्ण शैक्षिक संस्थामा शनिवार र आइतवार दुई दिन सार्वजनिक बिदा दिने नेपाल सरकार मन्त्रीपरिषद्को २०८२ चैत्र २२ मा भएको निर्णयअनुसार शैक्षिक सत्र २०८३ को अवधि विश्लेषण गर्दा निम्नानुसारको अवस्था रहेको देखिन्छः

शैक्षिक वर्ष २०८३ (२०८३ वैशाख १५ देखि २०८३ चैत मसान्तसम्म) का बिदा तथा विद्यालय खुल्ने दिनहरूः

| क्र.स. | बिदाका दिन/महिना | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | महिनाभरका जम्मा दिन सङ्ख्या | १७ | ३१ | ३२ | ३१ | ३१ | ३१ | ३० | २९ | ३० | २९ | ३० | ३० | ३५१ |
| २ | शनिवार बिदाको दिन सङ्ख्या | २ | ५ | ४ | ५ | ४ | ५ | ४ | ४ | ४ | ४ | ५ | ४ | ५० |
| ३ | आइतवार बिदाको दिन सङ्ख्या | २ | ५ | ४ | ५ | ४ | ४ | ५ | ४ | ४ | ४ | ५ | ४ | ५० |
| ४ | अन्य सार्वजनिक बिदा- २०८२/११/१८ को नेपाल राजपत्रअनुसार (दसैं बिदा घटस्थापनादेखि कोजाग्रत पूर्णिमासम्म गणना गरिएको) | १ | १ | ० | ० | २ | ० | १५ | ० | ४ | २ | ३ | १ | २९ |
| ५ | जम्मा बिदा दिन सङ्ख्या | | | | | | | | | | | | | १२९ |
| ६ | विद्यालय खुल्ने दिन सङ्ख्या | १२ | २० | २४ | २१ | २१ | २२ | ६ | २१ | १८ | १९ | १७ | २१ | २२२ |
| ७ | नियम ८५ अनुसार बर्खे वा हिउँदे बिदा र स्थानीय बिदा | | | | | | | | | | | | | ५० |
| ८ | बर्से/हिउँदे र स्थानीय बिदा कटाई विद्यालय खुल्ने दिन | | | | | | | | | | | | | १७२ |
| ९ | बर्से/हिउँदे बिदामध्ये माथि नै गणना भैसकेका शनिवार र आइतवार | | | | | | | | | | | | | १२ |
| ११ | अब शैक्षिक वर्ष २०८३ मा विद्यालय खुल्ने जम्मा दिन दिन | | | | | | | | | | | | | १८४ |

पठनपाठन सञ्चालनका लागि खर्च भएको ३२ घण्टाको समयावधिलाई एक पाठ्यघण्टा मानिने केन्द्रका महानिर्देशक पौडेलले जानकारी दिए । तोकिएको पाठ्यघण्टा नघट्नेगरी विद्यालयको समयावधि निर्धारण गरी कक्षा सञ्चालन गर्दा सामान्यतः पाठ्यघण्टा गणना एक घण्टाको एकाइमा गरिने केन्द्रले जनाएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूपअनुसार २०५ दिन विद्यालय सञ्चालन गर्दा न्यून हुन आउने पठनपाठन दिन संख्या २१ र शिक्षा नियमावलीको नियम ८५ अनुसार २२० दिन विद्यालय खुल्ने व्यवस्थाअनुसार न्यून हुने दिन संख्या ३६ हुन आउँछ । अपुग भएर बाँकी हुन आउने २१८ दिनको समयमध्ये दैनिक १५ मिनेट प्रार्थना र २० मिनेट खाजा समय छुट्याउँदा छ घण्टाको विद्यालय समयबाट पठनपाठनका लागि दैनिकरूपमा प्राप्त हुने समयावधि पाँच घण्टा २५ मिनेटका आधारमा वार्षिक पठनपाठनका लागि उपलब्ध समय ७५८ घण्टा हुने छ ।

यसरी अपुग हुने पाठ्यघण्टालाई विद्यालय समयभन्दा अतिरिक्त समयमा गरिने परियोजना तथा प्रयोगात्मक कार्यलगायत सिकाइसम्बद्ध क्रियाकलापलाई विषयगत तथा बहुविषयगत सिकाइ उपलब्धिसँग आबद्ध गर्ने र यसरी सिकाइका लागि उपयोग हुने समयलाई वार्षिक कार्यघण्टामा समावेश गर्न केन्द्रले निर्देश गरेको केन्द्रका महानिर्देशक पौडेलले बताए ।

नेपाल शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले विद्यालयमा सातामा दुई दिन बिदा दिने सरकारको निर्णयलाई आफूहरूले समर्थन गर्दै कार्यान्वयनका लागि जोड दिएको बताए । उनले शिक्षक-कर्मचारीको पेसागत हितका विषयमा निर्णय लिँदा भने आफूहरूसँग परामर्श गर्नुपर्ने माग गरे ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन)का महासचिव आरबी कटवालले आइतबार पनि विद्यालय बिदा दिने निर्णयलाई आफूहरूले कटिबद्धताका साथ लागू गरेको जनाउँदै पाठ्यक्रमले तोकेको कार्यघण्टा मिलानका लागि कतिपय सार्वजनिक बिदामा पनि पढाउने र वार्षिक परीक्षापछिको अवधिको समयलाई उपयोग गर्न सकिने सुझाव दिए । सरकारको उक्त निर्णयको अवज्ञा गरेर आइतबार पनि कक्षा सञ्चालन गर्ने विद्यालयको जिम्मेवारी आफूहरूले नलिने महासचिव कटवालले उल्लेख गरे । *रासस*

# स्वास्थ्य प्रवर्द्धन केन्द्रमा सेवाग्राहीको घुइँचो

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाद्वारा सञ्चालित स्वास्थ्य प्रवर्द्धन केन्द्रबाट हालसम्ममा एक लाख ७६ हजार २९१ जनाले स्वास्थ्य सेवा लिएका छन् । कामपाको चालु आर्थिक वर्षको चैत मसान्तसम्ममा एक लाख ७६ हजार २९१ जनाले स्वास्थ्य सेवा लिएका कामपाले जनाएको छ ।

कामपा स्वास्थ्य विभागका प्रमुख दीपककुमार केसीका अनुसार ७३ हजार ५०४ जनाले बहिरंग (ओपिडी) सेवा लिएका छन् । यो संख्या गत आर्थिक वर्षको तुलनामा बढी भएको उनले जानकारी दिए । उनले भने, 'आव २०८०/८१ मा एक लाख २४ हजार ४४ जना सेवाग्राहीमध्ये ३५ हजार ९६६ जनाले ओपिडी सेवा लिनुभएको थियो । आव २०८१/८२ मा एक लाख ९४ हजार १९३ जना कूल सेवाग्राहीमध्ये ओपिडी सेवा लिनेको संख्या ५९ हजार ५९ थियो ।' उनका अनुसार यस वर्ष करिब दुई लाख ४० हजार सेवाग्राहीले सेवा लिने आकलन गरिएको छ ।

केसीले भने, 'कामपाको कूल बजेटको ३.९ प्रतिशत स्वास्थ्य क्षेत्रका लागि विनियोजित छ ।' उनका अनुसार सुशासन र व्यवस्थापन क्षेत्रअन्तर्गत छ वटा उपक्षेत्र, ७५ वटा सूचक र ७६ मूल्यांकन अंकभार छ ।

क्लिनिकल सेवा व्यवस्थापन क्षेत्रअन्तर्गत नौ वटा उपक्षेत्र, १७५ वटा सूचक र २०८ अंकभार तथा स्वास्थ्य संस्था सहयोगी सेवा व्यवस्थापन क्षेत्रअन्तर्गत नौ वटा उपक्षेत्र, ८६ वटा सूचकको ९५ अंकभारमा मूल्यांकन गरिएको उनले जानकारी दिए । कामपाले हरेक वडामा स्वास्थ्य प्रवर्द्धन केन्द्र सञ्चालन गरेको छ ।

उपचारात्मक सेवामा प्राथमिक स्वास्थ्योपचार, स्वास्थ्य बिमा, सुरक्षित मातृशिशु, सुरक्षित गर्भपतन, क्षयरोग नियन्त्रण, स्वास्थ्य शिविर, फार्मेसी, एकीकृत नवजात शिशु तथा बालरोग व्यवस्थापन सेवा सञ्चालित छन् । त्यस्तै कुष्ठरोग नियन्त्रण सेवा, ज्येष्ठ नागरिक स्वास्थ्य सेवा, आयुर्वेद सेवा, बहुदीर्घकालीन रोग व्यवस्थापन सेवा, डेंगी रोग नियन्त्रणका कार्यक्रम सञ्चालनमा रहेकास्वास्थ्य विभागका प्रमुख केसीले जानकारी दिए ।

उनका अनुसार प्रवर्द्धनात्मक सेवामा राष्ट्रिय खोप सेवा, परिवार नियोजन, नसर्ने रोग नियन्त्रण, सचेतना महाअभियान, सरुवा रोग नियन्त्रणलगायत कार्यक्रम रहेका छन् ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालय**

**विशेष दर्ता खारेजी सम्बन्धी ३० दिने सूचना**

यस कार्यालयमा मिति २०८०/१२/१५ मा दर्ता भएको **प्रा. लि. नं. ३३२९८३** को **ग्लोबल ब्रिज नेपाल कन्सल्टिङ सर्भिसेज प्राइभेट लिमिटेड** नामक कम्पनीले दफा १३६ क अनुसार विशेष दर्ता खारेजीमा कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३० दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**दिक्तेल कालिका कृषि तथा पशुपालन प्रा.लि (लिक्विडेसन) सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना**

कम्पनी ऐन २०६३ बमोजिमको मिति २०८०/०९/२५ मा दर्ता भएको प्रा.लि. नं. ३२७११७/०८०/०८१ को **दिक्तेल कालिका कृषि तथा पशुपालन प्रा.लि.** लाई खारेजी (लिक्वीडेसन) मा लैजाने कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०२/०१ गतेको विशेष साधारण सभाले निर्णय गरेकोले तिर्नु व्यहोर्नु पर्ने ऋण, धन एवं कोहि कसैको कुनै किसिमको लेनदेन, बांकी बक्यौता भएमा तथ्ययुक्त आधार र सबुद प्रमाण सहित सूचना प्रकाशित गरिएको मितिले ३५ दिनभित्र निम्न लिखित लिक्वीडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**रमेश हरि अधिकारी, लिक्विडेटर दामासाही प्र.प.नं.९५४७**
**मोबाइल नं. ९८४२६३८३६७**


**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

यस **Panchasorna Group Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पतिको मुलुक राष्ट्र | ईकाई | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-26Y01 | N/A | CHINA | PCS | 8,100.00 | 13,000.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-26Y02 | N/A | CHINA | PCS | 8,600.00 | 13,600.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-26Y03 | N/A | CHINA | PCS | 8,950.00 | 14,000.00 | |

बिक्रेताको फर्मको नाम: Panchasorna Group Pvt. Ltd. — स्थायी लेखा नं: 606749170
ठेगाना: Pepsikola-32, Kathmandu, Nepal — फोन नं: 9801171012

**युएइमा रोजगार** कम्पनी : S.J. ABED GENERAL ENTERPRISES LTD
पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342048 | चलानी नं. ६०२५५४८९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 30 | 0 | 1500 | ६२,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner General | 30 | 0 | 1000 | ४१,९३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ९ गते (23rd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TRIPLE STAR EMPLOYMENT PVT. LTD.
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: +9779841866560 (Rama)
श्रम इजाजत नं. ७७४/०६५/०६६

**मलेसियामा रोजगार** कम्पनी : INNOTECH TEXTILE SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०२/०१ | LT. No. 342298 | चलानी नं. ६०२५५५०८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker/Factory Worker | 10 | 0 | 1700 | ६६,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तिम अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ जेठ १० गते (24th May 2026) मा हुनेछ । साथै प्रि-अन्तरवार्ता धमाधम भइरहेको छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

S.And S.Human Resource Pvt. Ltd.
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5423287
Mobile no: 9849038785, Fax : +977-1-5423287, E-mail : sands1238@gmail.com
श्रम इजाजत नं. १२३८/०७४/०७५

**साउदीमा रोजगार** कम्पनी : ZARAMIZ COMPANY LTD.
पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342161 | चलानी नं. ६०२५५४६३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | 1000 | ४०,८२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८३ जेठ ९ गते (23rd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

DECENT EMPLOYMENT PVT. LTD.
Samakhusi, Kathmandu, Nepal, +977-01-5903104
Email: info@decentemployment.com.np, Website: www.decentemployment.com.np
श्रम इजाजत नं. ९०४/०६७/०६८

**साउदीमा रोजगार** कम्पनी : SHURA ALGHARBIA ALTHALITHA COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342151 | चलानी नं. ६०२५५४५८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 1 | 0 | 1700 | ६९,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHURA ALGHARBIA ALTHALITHA COMPANY
पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342152 | चलानी नं. ६०२५५४५९

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Worker | 1 | 0 | 1500 | ६१,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ९ गते (23rd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Globe Asia Air International Overseas Pvt. Ltd
Gausala-9, Tilgangamarga, Kathmandu, Nepal, Mobile No. 9863184127
E-mail: info@globeasiaoverseas.com.np
श्रम इजाजत नं. १८०३/०८२/०८३

**साउदीमा रोजगार** कम्पनी : ASHRAF SALEH AL-DAZAZ FACTORY FOR INDUSTRY.
पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342169 | चलानी नं. ६०२५५४६५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 5 | 0 | 1000 | ४०,८२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ९ गते (23rd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

HALESI OVERSEAS PVT LTD
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com
Govt. License No. 1161/073/74

**ओमनमा रोजगार** कम्पनी : GALFAR ENGINEERING & CONTRACTING SAOG
पूर्व स्वीकृति मिति : २०८२/०३/३० | पुन :विज्ञापन स्वीकृति मिति : २०८३/०२/०१ | LT. No. 327073 | चलानी नं. ६०२४०९८४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | OR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Worker (Grade Ii) | 8 | 0 | 120 | ४८,०६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Dump Truck Driver | 13 | 0 | 220 | ८८,१२५ | | | | | | | |
| 3. | Foundation Diggers | 3 | 0 | 120 | ४८,०६८ | | | | | | | |
| 4. | Heavy Duty Driver | 15 | 0 | 220 | ८८,१२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ९ गते (23rd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Index Recruitment Pvt. Ltd.
Chabahil - 7, Kathmandu, Nepal, Tel No. +977-01-5911443, Neelam Ghimire: 9814269669
Beena gurung: 9813850986, E-mail : info@indexrecruitment.com.np, www. www.indexrecruitment.com.np
श्रम इजाजत नं. 1543/078/079

**मलेसियामा रोजगार** कम्पनी : CHUAN HONG POULTRY FARM SDN BHD
पूर्व स्वीकृति मिति : २०८३/०२/०१ | LT. No. 342090 | चलानी नं. ६०२५५५०४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | RM | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 250 | 0 | 1700 | ६६,१३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८३ जेठ ९ गते (23rd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Api Manpower Solutions Pvt Ltd
Kusunti-14, Lalitpur, Nepal, Tel:+977-01-5454927, 5454928, Shree Prasad Khakural 9851043059
E-mail: info@apimanpower.com, apimanpowers@gmail.com Website : www.apimanpower.com
Lic No. 1115/073/074

**साउदीमा रोजगार** कम्पनी : NEXT STEPS TRADING EST
पूर्व स्वीकृति मिति : २०८२/०८/०७ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०२/०१ | LT. No. 333968 | चलानी नं. ६०२४७६७५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FOOD & BEVERAGE AGENT | 2 | 0 | 1000 | ४०,८२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ९ गते (23rd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Kapeel Manpower Pvt. Ltd.
Kupandole, Lalitpur, Nepal, Tel: 01-5451901, Official Cell : 9702699002, Sanjay Maharjan : 9851324457
E-mail: kapeelmanpowerpvtltd@gmail.com, Website: www.kapeelmanpower.com.np

**कतारमा रोजगार** कम्पनी : TIMBER CONTRACTING AND CLEANING
पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342085 | चलानी नं. ६०२५५४९४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Foreman | 3 | 1 | 2500 | १०५,६२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Material Handler | 3 | 0 | 1500 | ६३,३७० | | | | | | | |
| 3 | Office Cleaner | 2 | 3 | 1100 | ४६,४७० | | | | | | | |
| 4 | Representative | 3 | 1 | 2200 | ९२,९४५ | | | | | | | |
| 5 | Secratery | 2 | 0 | 2100 | ८८,७२० | | | | | | | |
| 6 | Service Agents | 8 | 6 | 1300 | ५४,९२० | | | | | | | |
| 7 | Skilled Building Worker | 2 | 0 | 1100 | ४६,४७० | | | | | | | |
| 8 | Supervisor | 3 | 0 | 3000 | १२६,७४० | | | | | | | |
| 9 | Technician Electrical | 8 | 0 | 1500 | ६३,३७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ९ गते (23rd May 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

AL-HARMAIN H.R. PVT. LTD.
Sinamangal-9, Kathmandu, Nepal, T: 01-4584810
Email:- info@alharmainhr.com.np, Web: www.alharmain.com.np
Govt.Lic. No 1160/073/74

**साउदीमा रोजगार** कम्पनी : DALAL JAFAR OBAID AL SHAMMARI CATERING SERVICES ESTABLISHMENT
पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342165 | चलानी नं. ६०२५५४५१

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Fruit and Vegetable Preserver | 2 | 0 | 1100 | ४४,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : BEANWAVE CAFE SERVING DRINKS
पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342182 | चलानी नं. ६०२५५४५२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 2 | 0 | 1200 | ४८,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : RAMQ UNITED LIMITED
पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 342183 | चलानी नं. ६०२५५४५२

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food and Beverage Counter Worker | 1 | 0 | 1100 | ४४,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ९ गते (23rd May. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Srijanshil Marg, Basundhara, Kathmandu, Nepal Tel: +977 1 4442794, Wasim Ansari 980-8960228, E-mail : alkausar.hrm@gmail.com

**कतार/युएइमा रोजगार** कम्पनी : AZHAR ALNARZES SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 342011 | चलानी नं. ६०२५५४५०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | QR | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Cleaner | 5 | 0 | 1000 | ४२,१०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Cleaner | 0 | 5 | 1000 | ४२,१०३ | | | | | | | |
| 3. | Public Area Attdt/cleaner | 10 | 5 | 1000 | ४२,१०३ | | | | | | | |
| 4. | Waiter | 5 | 9 | 1400 | ५८,९४४ | | | | | | | |
| 5. | Waiters (Female) | 0 | 5 | 1400 | ५८,९४४ | | | | | | | |

कम्पनी : SKY BLUE BUILDING CLEANING SERVICES LLC
पूर्व स्वीकृति मिति : २०८३/०१/०७ | LT. No. 340781 | चलानी नं. ६०२५४१५५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor buildin | 56 | 0 | 1200 | ५०,३२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |


अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ९ गते (23rd May. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैँले | निःशुल्क | रु.२१००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

BON MANPOWER PVT.LTD.
Sinamangal 9, Kathmandu, Nepal, Tel: +977-1-4479751, 4479851, Mobile - 9803491829, 9813674469
Email: bonmanpower1@gmail.com
श्रम इजाजत नं. 1514/074/075

# संरक्षणको पर्खाइमा ४०० वर्ष पुरानो चट्टान अभिलेख

यस क्षेत्रमा विभिन्न विद्यालय तथा कलेजका विद्यार्थीहरु अध्ययनको सिलसिलामा पुग्ने गरेका छन् भने आन्तरिक तथा बाह्य पर्यटकको आगमन हुन थालेको छ । विदेशी अध्ययन र अनुसन्धानकर्ताहरूको पनि यहाँको अध्ययन लागि आउने गरेका छन् । जंगल, पहाडी क्षेत्र, फराकिलो सडकको पहुँचभन्दा बाहिर भएकाले वर्षा लागेपछि यस क्षेत्रमा आउने अध्ययन अनुसन्धानकर्ता एवं पर्यटक भने जान समस्या हुने गरेको छ ।



**रमेश गिरी**/भक्तपुर

विश्वमै दुर्लभ मानिएको नेपालकै पहिलो र ४०० वर्ष पुरानो लिच्छवीकालीन चट्टान अभिलेख यतिखेर संरक्षणको पर्खाइमा रहेको छ । चाँगुनारायण नगरपालिका-९ ताथलीस्थित हललगाउँ र गाउँको भीरपाखा एवं खेतको डिलमा यत्रतत्र रहेको अवस्थामा फरक-फरक १५ वटा ऐतिहासिक चट्टान अभिलेखको २०६७ पुसमा अन्वेषणकर्ता, संस्कृतिविद् एवं इतिहासविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठले पत्ता लगाएका हुन् ।

उनले भने, 'वर्षौं पहिलेदेखि हलल गाउँमा छरपष्ट रहेका ठूलाठूला ढुंगा, देवताका रूपमा पुजिँदै आएको बासुकी ढुंगा र छरपष्ट रहेको अन्य चट्टानहरूमा कुँदिएका अभिलेख, अहिलेसम्म प्रचारमा नआएका नवपाषणकालीन उपकरण, गुफा, ओडार, गढी, प्रकृति उत्पन्न स्वप्नेश्वर महादेवको शिवलिंग, गणेश ढुंगा भेटिए उचित संरक्षण अभाव खड्किएको छ, यो देशकै सम्पत्ति हो, यसको संरक्षणमा राज्यले ध्यान दिनुपर्छ ।'

नेपाल सम्वत् ७४५ देखि ८३५ सम्मका चट्टान अभिलेखको महत्त्व थाहा पाएपछि हलल गाउँको आइतबारे सामुदायिक वनभित्र परापूर्वकालदेखि यत्रतत्र छरिएर रहेकाले यसको दिगो संरक्षण गर्नुपर्ने स्थानीयले माग गर्दै आएका छन् । यहाँ नेपाल सम्वत् ७४५ को अभिलेख सूचीको ने.सं ८३५ को भूपतिन्द्र मल्लको १५ वटा चट्टान अभिलेख रहेका छन् । यहाँ भेटिएका चट्टानमा भक्तपुरका पूर्वराजा जगज्योति मल्ल, जितामित्र मल्ल, भूपतिन्द्र मल्ल, कान्तिपुरका राजा कविन्द्र प्रताप मल्लकोसमेत अभिलेख रहेका इतिहासविद् डा. श्रेष्ठ बताउँछन् ।

ठूलो ढुंगाको शीर्ष भागमा कुँदिएको जितामित्र मल्लको पालामा यज्ञ गर्नका लागि ढुंगाको व्यवस्था गरिएको भन्ने पनि अभिलेखमा उल्लेख उनी बताउँछन् । यहाँको बासुकी ढुंगामा रहेको नेपाल सम्वत् ७७८ को अभिलेखमा प्रताप मल्लले चाँगुनारायण मन्दिरका लागि गरुडनारायण, सिंह र हात्तीलगायतका जनावरहरूको प्रतीक बनाउनका लागि ढुंगाको व्यवस्था गरिएको र त्यसलाई बिगारेमा पञ्च महापाप लागोस् भन्नेसमेत कुँद्न लगाइएको छ ।

चट्टान अभिलेखमा भक्तपुरका तत्कालीन राजा जगज्योति मल्लको नेपाल सम्वत् ७४५ देखि भूपतिन्द्र मल्लको शासनकालसम्मका घटना, चित्र, विभिन्न संकेतहरू कुँदिएका छन् । यसअघि नेपालमा शिलालेख, ताडपत्र, भोजपत्र, कनकपत्र र रजतपत्रमा लेखिएका इतिहास रहेको छ । ठूलो ढुंगामा कुँदिएका अभिलेखमा नेपाल सम्वत् ८३५ मा भूपतिन्द्र मल्लले आफ्ना पिताको सम्झनामा ढुंगाको मन्दिर निर्माण गर्न ढुंगा लगिएको अभिलेखमा उल्लेख गरिएको छ । यहाँ प्रथम गणाध्यक्ष पशुपति सदाशिव महादेवको शम्भूलिंग, प्राकृतिक गणेशको ढुंगा पहाडको खोचमा रहको छ भने विसं १८५२ को शिलालेख पनि रहेको छ ।

यहाँ रहेका चट्टानको ठूलो ढुंगामा जगज्योति मल्लको सबैभन्दा पुरानो अभिलेखका साथै अन्य छ वटा अभिलेख र चित्रहरू पाइएका छन् भने बासुकी ढुंगामा भक्तपुरका राजा जितामित्र मल्ल र कान्तिपुरका राजा प्रताप मल्लका मल्लकालीन आठवटा अभिलेख र दुईवटा संकेतात्मक चित्रहरूसमेत रहेका छन् । पुरातत्त्व विभाग स्मारक संरक्षण तथा दरबार हेरचाह कार्यालय भक्तपुरलेसमेत तत्कालीन समयमै नेपालको इतिहासका पहिलो चट्टान अभिलेख रहेको पुष्टि गरे पनि अझै यसको उचित संरक्षण हुन भने सकेको छैन । चट्टान अभिलेखको संस्कृतिविद् श्रेष्ठले नेपाल उपत्यकाभित्रका कलात्मक ढुंगाका मन्दिर, पाटी, ढुंगेधारा, ठूलाठूला सिंह, घोडा आदि बनाउन यस क्षेत्रबाट ढुंगा लाने गरेकोसमेत यहाँ रहेका अभिलेखबाट पत्ता लागेको बताए ।

यहाँ रहेका ठूलो ढुंगामा कुँदिएका साँढे जुधाइले नेपाल उपत्यकामा मल्लकालीन समयमा साँढे जुधाइ प्रतियोगिताको प्रचलन रहिआएको प्रस्ट हुने उनी बताउँछन् । करिब छ फिट लम्बाइ र दुई फिट चौडाइसम्मका ती अभिलेखमा सिंह, साँढे जुधाइ, हात्ती र घोडाको चित्रका साथै नेपाल भाषाका लिपिमा लेखिएका अक्षरसमेत कोरिएका छन् ।

यहाँ नेपाल सम्वत् ७४५ को अभिलेख सूचीको ने.सं ८३५ को भूपतिन्द्र मल्लको १५ वटा चट्टान अभिलेख रहेका छन् । यहाँ भेटिएका चट्टानमा भक्तपुरका पूर्वराजा जगज्योति मल्ल, जितामित्र मल्ल, भूपतिन्द्र मल्ल, कान्तिपुरका राजा कविन्द्र प्रताप मल्लकोसमेत अभिलेख रहेका इतिहासविद् डा. पुरुषोत्तमलोचन श्रेष्ठ बताउँछन् ।

भक्तपुरका मल्ल राजा जितामित्रले पनि नेपाल सम्वत् ८३१ मा केही चट्टानमा अभिलेख कुँद्न लगाएको पाइएको छ । भक्तपुर नगरपालिका क्षेत्रमा रहेको बत्सला मन्दिर बनाउन त्यहाँको ढुंगा आफूले प्रयोग गर्ने लेखिएको छ । त्यस्तै भूपतिन्द्र मल्लले आफ्ना बुबाको कामलाई निरन्तरता दिन ढुंगामा अभिलेख कुँदाएको पाइएको छ । पशुपतिका पुजारी भट्टकोसमेत यहाँ अभिलेख रहेको उनले जानकारी दिए ।

दुर्लभ चट्टान अभिलेख स्थानीय बासिन्दाले नदेखेको भने होइन तर चट्टानको विषयमा कहिल्यै नसुनेको कारण तत्कालीन समयमा उक्त अभिलेखहरू देउताको अक्षर वाणी भनी धार्मिक आस्थाले पुज्दै आइरहेका र अहिले त्यसको उचित संरक्षण आवश्यक रहेको स्थानीय राजेन्द्र थापा बताउँछन् ।

विश्वमा नै अत्यन्त दुर्लभ मानिने चट्टान अभिलेखबारे सन् १८८० मा भारतका अध्येता भगवान्लाल इन्द्रजीले पहिलोपटक नेपालमा अध्ययन गरेको पाइएको छ । त्यसको १३० वर्षपछि नेपालमा चट्टान अभिलेख भेटिए पनि यसको संरक्षण नुहुनु चिन्ताको विषय बनेको डा. श्रेष्ठ बताउँछन् । उनी भन्छन्, 'यो चट्टान अभिलेख ताथलीको, भक्तपुरकोमात्र नभई सिंगो नेपालको राष्ट्रिय सम्पत्ति हो, यो विश्वको सारा मानव जातिको साझा सम्पदा हो, अफसोचः हामीले पत्ता लगाएको १६ वर्ष बितिसक्दा पनि पुरातत्त्व विभागले तारबार लाउनेबाहेक संरक्षणको कुनै पहल गरेको छैन । यसको संरक्षणको दायित्व पुरातत्त्व विभागको हो ।'

विगतको अवस्था सम्झँदै उनी भन्छन्, 'मैले विद्यार्थीहरूलाई संस्कृति विषय पढाउने क्रममा अभिलेखको विषयमा पढाउँदै थिएँ, त्यही क्रममा ताथलीबाट आउने मेरा विद्यार्थी मुना केसी र किशोर श्रेष्ठले आफ्नो घर नजिकै पनि ढुंगामा लेखिएको अभिलेख रहेको बताएपछि म त्यहाँ गएँ,' श्रेष्ठ भन्छन् । ती चट्टानमा काठमाडौंका राजा प्रताप मल्ल, भक्तपुरका जगतज्योति मल्ल, जितामित्र मल्ल, भूपतिन्द्र मल्ललगायत पशुपतिका भट्टकोसमेत अभिलेख कुँदिएको आफूले पाएको उनको भनाइ छ ।

उनले स्थानीय जनता यसको पहरेदारको रूपमा रहेको भन्दै उनले चट्टान अभिलेखदेखि ताथली गढीसम्मलाई संरक्षण गर्दै विश्वका अनुसन्धान र अध्ययनका लागि आउने केन्द्रको रूपमा विकास गर्न सकिने बताए । यसलाई धार्मिक, शैक्षिक र ऐतिहासिक पयटकीय क्षेत्रको रूपमा विकास गर्न आवश्यक रहेको बताउदै उनले यो तत्कालीन समयमा उपत्यकाका महत्त्वपूर्ण प्रस्तर मूर्तिहरू निर्माणका लागि ढुंगा लैजाने यही ठाउँ रहेको र यसका लागि भक्तपुर र काठमाडौंका राजाहरूबीच तँछाडमछाड हुने गरेको तथ्य पाइएको बताए ।

नेपाल मण्डलका प्रस्तर मूर्ति निर्माणका लागि चाँगुनारायणको डाँडादेखि ताथलीको चट्टान अभिलेख रहेको क्षेत्रसम्मका ढुंगाहरू लैजाने इतिहास पाइएको भन्दै यहाँका ढुंगा आफैंमा महत्त्वपूर्ण रहेको उनी बताउँछन् । यहाँका अभिलेखमा मल्लकालीन राजा र पुजारीहरूले मन्दिर, धारा र कलात्मक वस्तुको निर्माणका लागि ढुंगा लिन गएको विवरण उल्लेख गरेको छ । ती क्षेत्रमा उत्खनन् गर्नसके अन्य विविध जानकारीयुक्त अभिलेखसमेत फेला पर्न सक्ने इतिहासविद् डा. श्रेष्ठ बताउँछन् । ताथलीमा ढुंगाको नवपाषण युगको अभिलेखले इसापूर्व आठ हजार वर्षअगाडि नै काठमाडौं उपत्यकामा मानव बस्ती भएको संकेत गरेको छ ।

बागमती प्रदेशका पर्यटन तथा संस्कृतिमन्त्री सुरेश श्रेष्ठले केही दिनअघि मात्रै चट्टान अभिलेख रहेको क्षेत्रको अनुगमन, निरीक्षण गरेको बताउँदै यसको संरक्षणका लागि मन्त्रालयले आउँदो वर्षको बजेटमा बजेटको व्यवस्थापन गर्ने बताए । मन्त्री श्रेष्ठले भने, 'हाम्रै आँगनमा विश्वमै दुर्लभ मानिने ऐतिहासिक संरचनाहरू रहेका छन्, संरक्षणको पर्खाइमा रहेका यस्ता राज्यको सम्पत्तिको संरक्षणमा मैले चासो दिएको छु, यस्ता सम्पदा फेरि बनाउँछु भनेर सकिँदैन, त्यसैले आउँदो बजेटमा यसको संरक्षणका लागि सक्दो बजेटको व्यवस्थापन गर्ने छु ।'

खुला आकासमुनि खुला संग्रहालयको रूपमा रहेको यस अभिलेखलाई संरक्षण र सम्वर्द्धन गर्नु तथा चट्टानमा कुँदिएका अक्षर र चित्रको थप अनुसन्धान र संरक्षणको आवश्यक रहेको बताउँदै बजेट अभावमा आफ्नो पालामा तारबार लगाएर घेर्ने कामसम्म गरेको पुरातत्त्व विभाग दरबार हेरचाह कार्यालयकी तत्कालीन प्रमुख अरुणा नकर्मी बताउँछिन् ।

चट्टान अभिलेख विश्वमै दुर्लभ मानिन्छ । भारतमा इसापूर्व तेस्रो शताब्दीका सम्राट अंशुवर्माकालीन थोरै अभिलेखमात्रै पाइएका छन् । चट्टान अभिलेख भेट्टाउनु नै ठूलो उपलब्धि भएको बताउँदै उनले यसले इतिहास लेखनमा एउटा नयाँ आयाम थपेको र अन्यत्र पनि यस्ता अभिलेख हुनसक्ने भएकाले थप अनुसन्धान आवश्यक रहेको बताइन् ।

चाँगुनारायण नगरपालिका-९ का वडाध्यक्ष गणेश त्यातले आफ्नै वडामा रहेको ऐतिहासिक धरोहरको संरक्षणमा वडा र पालिकाले केही गर्न नसकेको बताउँछन् । उनले यसका लागि पालिकासँग बजेट नभएको बताउँदै प्रदेश र संघीय सरकार एवं पुरातत्त्व विभागले यसको संरक्षणमा चासो दिन आवाज उठाइरहेको उनी बताउँछन् ।

यस क्षेत्रमा विभिन्न विद्यालय तथा कलेजका विद्यार्थीहरू अध्ययनको सिलसिलामा पुग्ने गरेका छन् भने आन्तरिक तथा बाहच पर्यटकको आगमन हुन थालेको छ । विदेशी अध्ययन र अनुसन्धानकर्ताहरूको पनि यहाँको अध्ययन लागि आउने गरेका छन् । जंगल, पहाडी क्षेत्र, फराकिलो सडकको पहुँचभन्दा बाहिर भएकाले वर्षा लागेपछि यस क्षेत्रमा आउने अध्ययन अनुसन्धानकर्ता एवं पर्यटक भने जान समस्या हुने गरेको छ । यसको आसपासका फाँट क्षेत्रमा स्थानीयले धान र गहुँ उत्पादन गर्दै खेती गर्दै आएका छन् । कतिपय ढुंगामा कुँदिएका अभिलेखहरू स्थानीयको निजी जग्गामा परे पनि यसको संरक्षण गर्न र बिग्रन नदिन स्थानीय बासिन्दा सक्रिय देखिन्छन् । *रासस*

# घट्दै यार्सागुम्बा उत्पादन

**नवीन लामिछाने**/मनाङ

विगतमा हिमाली जिल्लाका बासिन्दाका लागि यार्सागुम्बा 'सुन फल्ने जडीबुटी' रूपमा लिइन्थ्यो । वैशाख-असार पहिलो सातासम्म हजारौं मानिस उच्च हिमाली क्षेत्रमा पुग्ने र केही हप्ता खर्कमा पुगेर यार्सागुम्बा संकलन गरी वर्षभरि घर खर्च चलाउने माध्यमको रूपमा पहिचान गरिएको थियो । तर, पछिल्ला वर्षका तथ्यांकले यार्सागुम्बाबाट हुने आम्दानी लगातार घट्दो क्रममा हुँदा हजारौं हिमाली नागरिकको आयआर्जन र जीविकोपार्जनमा प्रत्यक्ष असर पर्न थालेको छ ।

विकट क्षेत्र मनाङ औषधीय कच्चापदार्थको उत्पादनको केन्द्र हो । औषधीय जडिबुटी उत्पादनमा आत्मनिर्भर मानिन्छ । आम्दानीको प्रमुख स्रोतको रूपमा रहेको औषधीय जडिबुटी केही वर्षयता घट्दो क्रममा छ । मुख्य आयस्रोतमा प्रभाव पर्दा यहाँका स्थानीयमा चिन्तामा छन् । पहिले प्रशस्त पाइने हिमाली क्षेत्रमा अहिले यार्सागुम्बा दुर्लभ बन्दै गएको स्थानीयवासी बताउँछन् । तापक्रम बढ्दै जाँदा हिमाली भूभागको चिसोपन घटेको छ, जसले यार्सागुम्बाको वृद्धि र विकासमा प्रत्यक्ष असर पुऱ्याएको छ । करिब पाँच वर्षको तथ्यांकका आधारमा वार्षिकरूपमा यार्सागुम्बा उत्पादन तथा संकलन कार्य घटेको पाइएको अन्नपूर्ण संरक्षण क्षेत्र एकाइ (एक्याप) कार्यालय मनाङले जनाएको छ ।

विगतको तुलनामा यार्सागुम्बाको उत्पादन घटेको एक्यापको तथ्यांकले प्रस्ट पारेको छ । एक्यापका अनुसार आर्थिक वर्ष २०७७/७८ मा ४०.५ किलोग्राम संकलन गरिएको छ भने यार्सागुम्बा बिक्रीबाट १२ लाख १५ हजार रूपैयाँ राजस्व संकलन भएको छ । यार्सा संकलनकले मूल्य अभिवृद्धि कर (भ्याट) एक लाख ५७ हजार रूपैयाँ तिरेका छन् । पालिकालाई १० प्रतिशतका दरले छ लाख सात हजार रूपैयाँ दस्तुर बुझाउनुपर्ने प्रावधान छ भने १० प्रतिशतकै दरले चार लाख पाँच हजार रूपैयाँ संरक्षण क्षेत्र व्यवस्थापन समिति (सिएएमए)लाई दस्तुर बुझाउने गरिएको छ ।

आव २०७८/७९ मा १०७.०५२ किलो बिक्री गरी ३२ लाख ६१ हजार रूपैयाँ राजस्व संकलन भएको थियो । यस आवमामात्रै तीन लाख ६७ हजार रूपैयाँ भ्याट तिरेको छ । पालिका र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई १० लाख ७० हजार रूपैयाँ दस्तुर बुझाएको छ । आव २०७९/८० मा ८२.२ किलोग्राम यार्सागुम्बा बिक्री गर्दा २५ लाख ४८ हजार रूपैयाँ राजस्व संकलन भएको एक्यापले जनाएको छ ।

एक्यापका अनुसार पालिका र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई यार्सा संकलनबापत आठ लाख ३४ हजार रूपैयाँ दस्तुर बुझाइएको छ । यस आवबाट दोहोरो भ्याट तिर्नुपर्ने बाध्यतालाई ध्यान दिँदै भ्याट बुझाउनुपर्ने प्रावधान हटाइएको एक्यापका प्रमुख ढकबहादुर भुजेलले जानकारी दिए ।

## जलवायु परिवर्तनको प्रभाव

आव २०८०/८१ मा ७२.५४२ किलोग्राम यार्सागुम्बा बिक्रीबाट २२ लाख ४८ हजार रूपैयाँ आम्दानी भएको थियो । पालिका र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई सात लाख २५ हजार रूपैयाँ दस्तुरबापतको रकम बुझाइएको तथ्यांक छ ।

आव २०८१/८२ मा ५१.८६३ किलोग्राम यार्सा बिक्रीबाट १५ लाख ९८ हजार रूपैयाँ आम्दानी भएको थियो । पालिकालाई पाँच लाख २४ हजार रूपैयाँ र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई पाँच लाख १९ हजार रूपैयाँ दस्तुर तिरेको छ । आव २०८२/८३ फागुनसम्ममा ४७.८ किलो यार्सा बिक्रीबाट १४ लाख ८१ हजार रूपैयाँ राजस्व संकलन भएको छ । पालिका र संरक्षण क्षेत्र व्यवस्थापन समितिलाई चार लाख ७८ हजार रूपैयाँ दस्तुर बुझाएको छ ।



आव २०७७/७८ देखि २०८२/८३ (फागुनसम्म) को तथ्यांक अनुसार यार्सागुम्बा संकलन र बिक्रीबाट प्राप्त राजस्वमा उल्लेखनीय गिरावट आएको छ । आव २०७८/७९ मा सबैभन्दा धेरै १०७.०५२ किलो यार्सागुम्बा संकलन हुँदा ३२ लाख ६१ हजार रूपैयाँ राजस्व संकलन भएको थियो । तर, त्यसपछि प्रत्येक वर्ष यार्सा संकलन मात्रा र आम्दानी दुवै घट्दै गएको देखिन्छ । आव २०८२/८३ को फागुनसम्म आइपुग्दा संकलनको मात्रा ४७.८ किलोमा झरेको छ भने राजस्व १४ लाख ८१ हजार रूपैयाँमा सीमित भएको छ । तथ्यांकका अनुसार पाँच वर्षमा कूल ४०१.९५७ किलो यार्सागुम्बाबाट एक करोड २३ लाख ५४ हजार रूपैयाँ राजस्व संकलन भएको छ ।

## राजस्वमा गिरावट

यार्सागुम्बाबाट स्थानीय तह र संरक्षण क्षेत्रले दस्तुरमार्फत राजस्व उठाउने गरेका छन् । पाँच वर्षको तथ्यांकअनुसार रोयल्टी र दस्तुरबाट प्राप्त रकम पनि घट्दो क्रममा छ । आव २०७८/७९ मा मात्रै ग्रामीण पालिका तथा संरक्षण व्यवस्थापन समितिले १०-१० लाख रूपैयाँभन्दा बढी दस्तुर संकलन गरेका थिए । तर, अहिले त्यो रकम आधाभन्दा कम भएको छ । यसले स्थानीय सरकारको विकास बजेटमासमेत असर पारेको छ । हिमाली क्षेत्रका धेरै पालिकाले सडक, शिक्षा र स्वास्थ्य कार्यक्रम सञ्चालन गर्न यार्सागुम्बा राजस्वमा निर्भर छ ।

## यार्सागुम्बाबाट जीविकोपार्जन

हिमाली क्षेत्रका स्थानीयले यार्सागुम्बा संकलनलाई मौसमी आयको रूपमा लिन्छन् । यहाँको प्रमुख मौसमी आम्दानीको स्रोत यार्सागुम्बा हो । यहाँका स्थानीयवासीले यार्सागुम्बा संकलन र बिक्री जीविकोपार्जनको स्रोतको रूपमा उपयोग गर्दै आएका छन् ।

क्रमशः पृष्ठ ५ मा



**महभिर सडक** | कालीगण्डकी कोरिडोर सडकअन्तर्गत म्याग्दीको अन्नपूर्ण गाउँपालिका–७ महभिरस्थित पहाडमा विष्फोटक पदार्थको प्रयोग गरी सडक फराकिलो पार्न 'ड्रिलिङ' गरिँदै । *तस्बिरः रासस*

# कर्णालीका करिब १७ लाख नागरिकको विपद् बिमा

**कर्णाली–** कर्णाली प्रदेश सरकारले प्राकृतिक विपद्बाट हुने जनधनको क्षतिलाई सम्बोधन गर्न यहाँका करिब १७ लाख नागरिकको सामूहिक दुर्घटना बिमा गरेको छ ।

प्रदेश सरकारको मन्त्रिपरिषद्बाट स्वीकृत 'विपद् जोखिमविरुद्ध सामूहिक दुर्घटना बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१' अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय बिमा कम्पनी लिमिटेडबीच एक वर्षका लागि बिमा सम्झौता गरिएको हो । सम्झौतामा मुख्यमन्त्री कार्यालयका तर्फबाट उपसचिव उत्तम गौतम र राष्ट्रिय बिमा कम्पनीका तर्फबाट सहव्यवस्थापक डम्बरदेव अधिकारीले हस्ताक्षर गरेका छन् ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, वीरेन्द्रनगर सुर्खेत र राष्ट्रिय बिमा कम्पनी लिमिटेड, काठमाडौंबीच यसअघि २०७६ असोज १ गते भएको सम्झौताकै आधारमा नयाँ समझदारी गरिएको हो । प्राकृतिक विपद्बाट हुने क्षतिको बिमा सम्झौता ३० वैशाख २०८३ देखि लागू हुनेगरी एक वर्ष अवधिका राखेर सम्झौता नवीकरण गरिएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सुर्खेतका उपसचिव गौतमले जानकारी दिए ।

उनका अनुसार कार्यविधिबमोजिम सञ्चालन हुने यो बिमालेखमा कर्णाली प्रदेशका १६ लाख ८८ हजार ४१२ जना नागरिक समेटिएका छन् । प्रतिव्यक्ति बिमांक दुई लाख रूपैयाँ कायम गरिएको छ । सरकारले प्रतिव्यक्ति वार्षिक नौ रूपैयाँ ३३ पैसाका दरले बिमा शुल्क तिर्ने छ । यसअनुसार कूल बिमा शुल्क एक करोड ५७ लाख ५२ हजार रूपैयाँ रहेको र उक्त रकम मुख्यमन्त्री कार्यालयले भुक्तानी गर्ने उनले जनाए ।

सम्झौताअनुसार प्राकृतिक विपद्का कारण मृत्यु भएका व्यक्तिका परिवारले बिमा दाबी गर्न पाउने छन् । बिमा दाबीका लागि घटना भएको ३५ दिनभित्र निवेदन दिनुपर्ने व्यवस्था गरिएको छ । तोकिएको अवधिभित्र दाबी गर्न नसकिएमा ढिलाइ हुनुका कारण खुलाएर सम्बन्धित कार्यालय, जिल्ला प्रशासन कार्यालय वा स्थानीय तहको सिफारिससहित १८० दिनभित्र दाबी गर्न सकिने प्रावधान राखिएको छ ।

त्यस्तै, बिमा सुविधा पाउन कर्णाली प्रदेशका स्थायी बासिन्दा हुनुपर्ने छ । त्यसको साथै देशको जुनसुकै स्थानमा प्राकृतिक विपद्का कारण मृत्यु भएका कर्णालीका स्थायी नागरिक पनि यस योजनाअन्तर्गत समेटिने छन् । अन्य प्रदेशका नागरिक भए पनि कर्णाली प्रदेशभित्र सरकारी, गैरसरकारी वा अन्य क्षेत्रमा कार्यरत नेपाली नागरिकलाई बिमा कार्यक्रममा समावेश गरिएको छ ।

हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, भूकम्प, बाढी तथा जलमग्न, पहिरो, जमिन धसिने, डुबान, हावाहुरी, आँधीबेहरी, शीतलहर, तातो हावाको लहर, चटचाङ, आगलागी, डढेलो, जंगली जनावरको आक्रमण, भिरबाट लड्ने, ढुंगा खस्ने, खोला वा नदीमा डुब्ने वा बग्नेजस्ता प्राकृतिक विपद्बाट हुने मृत्युका घटनालाई समेट्ने प्रावधान बिमामा राखिएको छ ।

यसअघि जंगली जनावरको आक्रमण, भिरबाट लडेर, भिरबाट खसेको ढुंगाका कारण मृत्यु भएमा, खोला वा नदीमा डुबी मृत्यु भएमा भन्ने विषय थिएन । यो प्रावधान यसपटकदेखि लागू भएको हो । बिमा दाबी प्रक्रियालाई सहज बनाउन कम्पनीले कर्णालीका सबै जिल्लामा एक-एक जना प्रतिनिधि खटाउने व्यवस्था गरिने र घटनास्थलबाट आवश्यक कागजात संकलन गर्ने जिम्मेवारीसमेत ती प्रतिनिधिलाई दिइने उपसचिव गौतमले बताए ।

त्यस्तै, बिमा कार्यक्रमबारे जनस्तरसम्म जानकारी पुऱ्याउन कम्पनीले प्रभावकारी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने र प्रदेश सरकारले प्रचारप्रसारमा जोड दिने जनाइएको छ । *रासस*

# भद्रपुर–जलथल–राजगढ सडक भत्किन थालेपछि दुर्घटनाको जोखिम बढ्दै

**भद्रपुर (झापा)–** भद्रपुरस्थित झापाचोकबाट जलथलहुँदै राजगढ जोड्ने हुलाकी राजमार्गअन्तर्गतको सडक निर्माण सम्पन्न भएको एक वर्ष नपुग्दै विभिन्न स्थानमा भत्किन थालेपछि यात्रु तथा स्थानीयले सास्ती खेप्नुपरेको छ । सडकका ठाउँठाउँमा ठूला खाल्डाखुल्डी पर्नुका साथै पुल र कल्भर्ट निर्माण अधुरै रहेकाले दुर्घटनाको जोखिमसमेत बढेको स्थानीयवासीको गुनासो छ ।



स्थानीय नेत्रविक्रम बिमलीका अनुसार विशेषगरी हल्दीबारी गाउँपालिकाको वडा नं ३, ४ र ५ क्षेत्रमा पर्ने भुतेनी खोला र भुसुडी खोलामा निर्माण अपूरो अवस्थामा रहेकाले सवारी आवागमनमा समस्या भइरहेको छ । 'सडक भत्किएको छ, पुल र कल्भर्ट पनि पूर्णरूपमा बनेका छैनन्,' उनले भने, 'दैनिक यात्रा गर्न जोखिमपूर्ण अवस्था छ ।' स्थानीयवासीका अनुसार सडकमा भएका खाल्डाखुल्डीका कारण साना तथा ठूला सवारीसाधन दुर्घटनामा पर्ने क्रम बढ्दो छ । वर्षायाम सुरु हुन लागेकाले सडकको अवस्था अझ जोखिमपूर्ण बन्न सक्नेमा स्थानीयले चिन्ता व्यक्त गरेका छन् ।

हल्दीबारी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर वनले सडकको दयनीय अवस्थाबारे गाउँपालिकाले पटक-पटक सम्बन्धित निकायको ध्यानाकर्षण गराएपनि हालसम्म सुधारको काम अघि नबढेको बताए । 'सडकको अवस्थाले सर्वसाधारणलाई दैनिक सास्ती भइरहेको छ,' उनले भने, 'पालिकाले पटक-पटक ताकेता गरे पनि सम्बन्धित आयोजनाबाट अपेक्षित प्रतिक्रिया आएको छैन ।'

हल्दीबारी-४ का वडाध्यक्ष सन्तकुमार थापाले निर्माण सम्पन्न भएको छोटो समयमै सडक भत्किन थालेपछि निर्माणको गुणस्तरीयतामाथि प्रश्न उठेको बताए । उनले सडकमा दैनिकजसो दुर्घटनाको जोखिम बढिरहेको उल्लेख गर्दै समयमा मर्मत तथा सुधार नगरे थप क्षति हुनसक्नेतर्फ सरोकार भएका निकायको ध्यानाकर्षण गराए ।

हल्दीबारीका स्थानीय प्रल्हाद सेलवालले वर्षायाममात्र नभई हिउँदमासमेत अधुरा पुल र कल्भर्टका कारण स्थानीयवासीले यात्रामा समस्या भोग्नुपरेको बताए । 'सडक निर्माण भएपछि सहज यात्रा हुने अपेक्षा गरेका थियौं,' उनले भने, 'तर अहिले झन जोखिमपूर्ण अवस्थामा आवागमन गर्नुपर्ने बाध्यता छ ।' स्थानीयवासीले सडक निर्माणमा लापरवाही भएको आरोप लगाउँदै सम्बन्धित निकायबाट गुणस्तरीय निर्माण तथा प्रभावकारी अनुगमनको माग गरेका छन् । सडक निर्माणमा प्रयोग गरिएको सामग्रीको गुणस्तर र प्राविधिक निगरानीमाथि पनि प्रश्न उठ्न थालेको छ ।

यसैबीच, हुलाकी राजमार्ग निर्देशनालयअन्तर्गत आयोजना कार्यालय इटहरीका इञ्जिनियर उपेन्द्र दासले झापाचोकबाट राजगढपारिसम्मको १९.५० किलोमिटर सडकखण्ड निर्माण व्यवसायीले हालसम्म औपचारिकरूपमा हस्तान्तरण नगरेको जानकारी दिए ।

उनका अनुसार उक्त सडक निर्माणको ठेक्का आशिष याक्थुङहाङ जेभीले लिएको हो । निर्माण कम्पनी अहिले 'त्रुटि सच्याउने अवधि'मा रहेकाले भत्किएका तथा बिग्रिएका संरचनाको मर्मत पनि सोही कम्पनीले गर्ने उनले बताए । *रासस*

# कर्णालीमा ५९ प्रतिशत विद्यार्थी उत्तीर्ण

**कर्णाली (प्रस)–** माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८२ मा कर्णाली प्रदेशबाट ५९ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । नेपालभरि ६५.९८ प्रतिशत विद्यार्थी उत्तीर्ण हुँदा कर्णालीबाट ५९.५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका हुन् ।

गत वर्ष कर्णालीमा ५६.७८ प्रतिशत विद्यार्थी एसइईमा उत्तीर्ण हुँदा यस वर्ष दुई प्रतिशत बिन्दुले बढेको हो । उत्तीर्ण हुनेमा सबैभन्दा बढी रुकुम पश्चिममा ७९.३४ प्रतिशत विद्यार्थी छन् । सबैभन्दा कम दैलेखमा ३१.८२ प्रतिशत रहेको शिक्षा विकास निर्देशनालय सुर्खेतका सूचना अधिकारी तथा वरिष्ठ शिक्षा अधिकृत खीमप्रसाद ढकाल जानकारी दिए ।

मुगु ७५.९०, कालिकोट ७३.१३, सल्यान ६८.५२, जुम्ला ६८.१७, सुर्खेत ५८.१९, हुम्ला ४९.३७, डोल्पा ४६.६९ र जाजरकोटान ४५.९१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका उनले बताए । उनका अनुसार जिल्लागत रूपमा सबैभन्दा बढी सुर्खेतबाट ४७६ विद्यार्थीले चार जिपिए ल्याएर उत्तीर्ण भएका छन् ।

परीक्षामा सात हजार १८८ विद्यार्थी सहभागी भएका शिक्षा विकास निर्देशनालयका सूचना अधिकारी ढकालले उल्लेख गरे । सबैभन्दा कम डोल्पाबाट तीन जना विद्यार्थीले चार जिपिए ल्याएर उत्तीर्ण भएका छन् । त्यहाँबाट ६३४ जना परीक्षामा सहभागी थिए ।

सल्यानबाट तीन हजार ९८७ मध्ये २२७, रुकुम पश्चिमबाट तीन हजार ७८० मध्ये १९०, दैलेखबाट चार हजार ३०६ मध्ये १३०, जुम्लाबाट दुई हजार १३३ मध्ये ११६, कालिकोटबाट तीन हजार १४ मध्ये ७६, मुगुबाट एक हजार ३९४ मध्ये ४३, जाजरकोटबाट चार हजार ६२२ मध्ये ३१ र हुम्लाबाट ९५० मध्ये आठ जनाले चार जिपिए ल्याएर उत्तीर्ण भएका छन् । कर्णाली प्रदेशबाट ३२ हजार ३३६ विद्यार्थी परीक्षामा सहभागी भएकोमा १३ हजार २४१ 'ननग्रेडेड' रहेको शिक्षा विकास निर्देशनालय सुर्खेतले जनाएको छ ।

पृष्ठ ४ बाट क्रमशः

## घट्दै यार्सागुम्बा...

विशेष गरी मनाङलगायत डोल्पा, मुगु, मुस्ताङ, रुकुम पूर्व, गोर्खा र म्याग्दीका उच्च भेगका परिवारले यार्सागुम्बा बिक्री गरी जीविकोपार्जनका लागि आयस्रोतको रूपमा प्रयोग गर्दछन् ।

यस क्षेत्रका मानिसले शिक्षा, स्वास्थ्य र दैनिकी चलाउन यसबाट आएको आम्दानीबाट खर्च चलाउँदै आएका छन् । तर, उत्पादन घटेसँगै स्थानीयको आर्थिक अवस्था प्रभावित हुन थालेको छ । पहिले एक सिजनमा लाखौं आम्दानी गर्ने परिवार अहिले ऋण लिएर दैनिक खर्च धान्न बाध्य भएको स्थानीय जनप्रतिनिधिको भनाइ छ । यार्सागुम्बा संरक्षणका लागि वातावरण संरक्षण, दिगो संकलन प्रणाली र जलवायु परिवर्तन न्यूनीकरणका उपाय तत्काल लागू गर्न आवश्यक छ । प्राकृतिक सम्पदाको संरक्षण भएमात्र हिमाली जनजीवन र अर्थतन्त्र सुरक्षित रहन सक्छ ।

### जलवायु परिवर्तनको असर

असामान्य तापक्रम वृद्धि, हिमपातमा कमी, वर्षाको अनियमितता तथा वातावरणीय सन्तुलन बिग्रिनुले यार्सागुम्बा उम्रिने प्राकृतिक चक्र प्रभावित भएको हो । स्थानीय यार्सा संकलकका अनुसार हिमाली क्षेत्रमा हिउँ कम पर्नु, तापक्रम बढ्नु र चरन क्षेत्र सुक्दै जाँदा यार्सागुम्बा उत्पादनमा असर परेको छ । पहिला केही घण्टामै दर्जनौं यार्सा भेटिन्थ्यो भने अहिले दिनभर खोज्दा पनि मुस्किलले तीन/चार वटामात्रै भेटिने गरेको स्थानीय राज गुरुङ बताउँछन् ।

'पहिलाजस्तो यार्सा खोज्न सजिलो छैन । पहिला प्रशस्त भेटिन्थे । अहिले घण्टौंपछि एक/दुई वटामात्रै पाइन्छ,' उनी भन्छन्, 'हिउँ नै पर्दैन अनि पानीको कमीले होला नि यस्तो भएको । अर्को वर्ष बढ्ला भन्यो झन् कम पो भेटिन्छ ।' यार्सागुम्बा उत्पादन घट्नुका कारण विज्ञहरूले जलवायु परिवर्तनलाई मुख्य कारण मानिरहेका छन् । यार्सागुम्बा चिसो र आद्र वातावरणमा उम्रने भएकाले तापक्रम वृद्धिले यसको प्राकृतिक चक्र प्रभावित भएको एक्यापका प्रमुख भुजेलले बताए ।

### संरक्षणमा चुनौती

विशेषज्ञका अनुसार अनियन्त्रित संकलन, अत्यधिक भीड र चरिचरन व्यवस्थापनको अभावले पनि यार्सागुम्बा संकटमा परेका छन् । संकलन क्षेत्र व्यवस्थापन, निश्चित कोटा प्रणाली र वातावरण संरक्षणका कार्यक्रम प्रभावकारी रूपमा लागू नगरे भविष्यमा यार्सागुम्बा दुर्लभ हुनसक्ने चेतावनी दिइसकेका छन् । यस क्षेत्रमा भिरमा गएर यार्सागुम्बा संकलन गर्न संकलनकर्ता भेटिन मुस्किल भएको स्थानीय बताउँछन् ।

मनाङमा यार्सागुम्बा संकलनका लागि स्थानीयका कमी भएसँगै डोल्पा, गोर्खा, धादिङलगायतका क्षेत्रबाट संकलनकर्ता आउने गरेका छन् भने हाल कम हुँदै गएको स्थानीयको भनाइ छ । हिमाली भेगका बासिन्दाका लागि यार्सागुम्बा केवल जडीबुटी होइन, जीवन धान्ने आधार हो । तर, घट्दो उत्पादन र आम्दानीले अब यसको आधार कमजोर बन्दै गएको देखिन्छ । यार्सागुम्बा उत्पादन घट्दा हिमाली समुदायको आर्थिक अवस्था कमजोर बन्दै गएको छ । धेरै परिवारको मुख्य आम्दानीको स्रोत नै प्रभावित भएकाले वैकल्पिक रोजगारीको आवश्यकता बढेको छ । *रासस*


## जापानमा रोजगार
कम्पनी : COOPERATIVE MIRAI

पूर्व स्वीकृति मिति : २०८३/०२/०१ | LT. No. 342267 | चलानी नं. ६०२५५५०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव YEN | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Workers, Steel Constru | 6 | 0 | 191990 | १८५,८५१ | क.नि. अनुसार | ७ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निम्ति सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रुपमा तालिम लिई नेपाल फर्केपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति: स्थान: प्रा.लि.को कार्यालय, मिति: यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्च: ५०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थान: छनौट तरिका: अन्तर्वार्ता, स्थान: प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मिति: पछि प्रकाशित गरिनेछ ।

**नोट:** वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

**नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:**
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण र इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालको एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्य: यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ९ गते (23rd May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698, Manohari Adhikari. 9851327379
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np



## साउदीमा रोजगार
कम्पनी : MASAR AL-BUNOUD CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 342028 | चलानी नं. ६०२५५४७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Officeand Factlity Cleaner | 13 | 0 | 1200 | ४८,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHATHA SAAD DHAIFALLAH AL-HARBI COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 342134 | चलानी नं. ६०२५५४७४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehousemen | 10 | 0 | 1200 | ४८,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ९ गते (23rd May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले | १०,०००/- | रु.७००/- रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Paradeshi Overseas Services Pvt. Ltd.
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal, Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com, Website: www.paradeshioverseas.com.np
Govt. License 387/059/060



## युएइमा रोजगार
कम्पनी : DAWOOD & SHAHBAZ TECHNICAL SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८३/०१/३० | LT. No. 342037 | चलानी नं. ६०२५५३८८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Steel Fixer | 1 | 0 | 1500 | ६२,९०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 1 | 0 | 1500 | ६२,९०६ | | | | | | | |
| 3. | Construction Labouers | 1 | 0 | 1000 | ४१,९३७ | | | | | | | |
| 4. | Plumber | 1 | 0 | 1500 | ६२,९०६ | | | | | | | |
| 5. | Tile Setter | 1 | 0 | 1500 | ६२,९०६ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ९ गते (23rd May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OCTOPUS RECRUITMENT PVT.LTD
Buddha Nagar, New Baneshwor, Kathmandu, Nepal, Tel : 1-4790666/ 01-4790655,
Email: octopusre@gmail.comWeb: www.octopusrecruitment.com
श्रम इजाजत नं. ९७५/०६७/०६८



## कतारमा रोजगार
कम्पनी : TRUEPOINT CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८३/०१/३१ | LT. No. 341465 | चलानी नं. ६०२५५४७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 3 | 2500 | १०५२५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 9 | 0 | 2000 | ८४,२०६ | | | | | | | |
| 3. | Dry Clean Worker | 1 | 0 | 1200 | ५०,५२५ | | | | | | | |
| 4. | Foreman | 11 | 0 | 2500 | १०५२५७ | | | | | | | |
| 5. | Labourer (FEMALE) | 0 | 3 | 1100 | ४६,३१३ | | | | | | | |
| 6. | Office Cleaner | 0 | 4 | 1200 | ५०,५२५ | | | | | | | |
| 7. | Representative | 4 | 0 | 2500 | १०५२५७ | | | | | | | |
| 8. | Supervisor | 11 | 0 | 2500 | १०५२५७ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ जेठ ९ गते (23rd May 2026) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Lucky Human Resource Pvt.Ltd.
श्रम इजाजत नं. १३०२/०७४/०७५
Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २९८५०० | प्रति तोला – ० | प्रति तोला – ५३९० |



**मौरी चरन** | वीरेन्द्रनगर-१० एकतानगरमा चरनका लागि राखिएको मौरी। व्यावसायिक रूपमा मौरी पालन गर्ने कृषकहरूले मौरीलाई एक ठाउँबाट अर्को चरनका लागि लैजाने गर्दछन्। *तस्बिर : हेमन्त केसी/रासस*

# दश महिनामा ६० प्रतिशत बजेट खर्च, विकास खर्च २८ प्रतिशत

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा सरकारको बजेट खर्च वार्षिक विनियोजनाको करिब ६० प्रतिशत भएको छ।

महालेखा नियन्त्रक कार्यालयकाअनुसार बितेका दश महिनामा रु ११ खर्ब ७३ अर्ब ५२ करोड एक लाख बजेट खर्च भएको छ। चालु आर्थिक वर्षका लागि सरकारले कुल रु १९ खर्ब ६४ अर्ब ११ करोड बराबरको बजेट ल्याएकामा हालसम्म वार्षिक विनियोजनको ५९ दशमलव ७५ प्रतिशत खर्च भएको छ।




उक्त कार्यालयका अनुसार चालु आवका लागि चालुतर्फ रु ११ खर्ब ८० अर्ब ९८ करोड विनियोजन भएकोमा वैशाख मसान्तसम्ममा ६८ दशमलव ९८ प्रतिशतअर्थात् रु आठ खर्ब १४ अर्ब ६५ करोड ५५ लाख खर्च भएको छ। त्यस्तै, पुँजीगततर्फ रु चार खर्ब सात अर्ब ८८ करोड ८० लाख विनियोजन भएकोमा २७ दशमलव ९१ प्रतिशतअर्थात् रु एक खर्ब १३ अर्ब ८४ करोड ९२ लाख बराबर खर्च भएको छ।

वित्तीय व्यवस्थातर्फ हालसम्म बजेट खर्च ६५ दशमलव ३० प्रतिशत छ। यो शीर्षकमा चालु आवका लागि सरकारले रु तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख विनियोजन गरेकामा हालसम्म रु दुई खर्ब ४५ अर्ब एक करोड ५४ लाख बराबर खर्च भएको छ।

वैशाख मसान्तसम्ममा सरकारको आम्दानी वार्षिक लक्ष्यको ६६ प्रतिशतमा खुम्चिएको छ। चालु आवका लागि कूल रु १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख बराबर आम्दानी गर्ने लक्ष्य रहेकामा सरकारले हालसम्म रु १० खर्ब १२ अर्ब पाँच करोड २४ लाख बराबर आम्दानी गरेको हो। यस आवमा रु १४ खर्ब ८० अर्ब राजस्व उठाउने लक्ष्य राखेको सरकारले रु पछिल्ला १० महिनामा वार्षिक लक्ष्यको ६६ दशमलव ६९ प्रतिशतअर्थात् रु नौ खर्ब ८८ अर्ब ५५ करोड २२ लाख बराबर मात्रै असुली गरेको छ।

चालु आर्थिक वर्षका लागि रु ५३ अर्ब ४४ करोड ६९ लाख वैदेशिक अनुदान लिने लक्ष्य राखेको सरकारले हालसम्म सो लक्ष्यको ३३ दशमलव २८ प्रतिशतअर्थात् रु १७ अर्ब ७८ करोड ७६ लाख बराबर अनुदान लिएको पाइएको छ।

# हेटौंडा-ढल्केवर प्रसारण लाइन निर्माणले गति लियो

■ प्रभाव संवाददाता

**काठमाडौं–** लामो समयदेखि स्थानीयको असन्तुष्टिका कारण रोकिँदै आएको 'हेटौंडा-ढल्केवर-दुहवी ४०० केभी प्रसारण' लाइन निर्माण पुनः सुरु भएको छ।

सरकारको पहलपछि सो प्रसारण लाइनको निर्माण सुरु भएको छ। लामो समयदेखि मुआब्जा र जग्गा विवादका कारण अवरुद्ध आयोजना ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठको पहलपछि पुनःसक्रियताका साथ निर्माण अगाडि बढेको छ।

नेपाल विद्युत् प्राधिकरणले पनि प्रभावित स्थानीय, जनप्रतिनिधि तथा सरोकारवालासँग मन्त्री श्रेष्ठले गरेको निरन्तर छलफल र समन्वयपछि जग्गाधनीले मुआब्जा स्वीकार गरेकाले प्रसारण लाइनको टावर निर्माण अगाडि बढेको जानकारी दिएको छ।

सन् २०१२ देखि निर्माण सुरु भएको प्रसारण लाइनअन्तर्गत हेटौंडाको हटिया क्षेत्रमा टावर निर्माण रोकिँदा आयोजना वर्षौंदेखि प्रभावित बनेको थियो। कुल २८८ किलोमिटर लम्बाइको आयोजनामध्ये पूर्वी खण्ड १५४ किलोमिटर लामो ढल्केवर-इनरुवा खण्ड तीन वर्षअघि नै सञ्चालनमा आइसकेको छ। तर, १३४ किलोमिटर लामो हेटौंडा-ढल्केवर खण्ड भने मुआब्जा विवादका कारण ढिलाइ भइरहेको थियो।

प्राधिकरणले हेटौंडा क्षेत्रमा निर्माण गर्नुपर्ने १४ वटा टावरमध्ये हाल तीन वटाको निर्माण सम्पन्न भइसकेको छ। यस्तै, दुई वटाको इरेक्सन (टावर ठड्याउने) कार्य जारी रहेको जनाएको छ। साथै सबै टावरको जग निर्माण पूरा भइसकेको तथा बाँकी संरचनाको काम अन्तिम चरणमा पुगेको जनाएको छ।

प्राधिकरणका कायममुकायम कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले टावर निर्माणसँगै मुआब्जा तथा क्षतिपूर्ति वितरणको प्रक्रिया समानान्तर रूपमा अघि बढाइएको जानकारी दिए। उनले प्रभावितलाई कानुनअनुसार उचित क्षतिपूर्ति उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गर्दै तार तान्ने कार्य सुरु भएसँगै पहिचान भएका सबैलाई एकैपटक मुआब्जा वितरण गरिने बताए।

श्रेष्ठका अनुसार चालु आर्थिक वर्षभित्र प्रसारण लाइन सञ्चालनमा नआए वर्षायाममा उत्पादन हुने करिब ८०० मेगावाट विद्युत् प्रवाह हुन नसकी खेर जाने जोखिम रहन्छ। त्यसबाट राष्ट्रलाई ठूलो आर्थिक क्षति हुनसक्ने उनको भनाइ छ।

प्राधिकरणले वन क्षेत्रको रुख कटान तथा जग्गा प्रयोगसम्बन्धी बाँकी स्वीकृति प्राप्त हुनेबित्तिकै बाँकी दुई वटा टावर निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको छ।

आयोजना सम्पन्न भएपछि देशको आन्तरिक विद्युत् आपूर्ति थप सुदृढ हुने, राष्ट्रिय ग्रिडको विश्वसनीयता बढ्ने तथा छिमेकी मुलुकसँगको विद्युत् व्यापार विस्तारमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ। सो प्रसारण लाइन निर्माणका लागि पटकपटक प्रयास भए पनि समस्या समाधान हुन सकेको थिएन। पछिल्लो पहलपछि अब भने प्रसारण लाइन निर्माण सम्पन्न हुने विश्वास लिइएको छ।

# 'प्रसारण लाइनको अभावमा विद्युत् खेर जाने अवस्थाको अन्त्य हुनुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले प्रसारण लाइनको अभावमा विद्युत् खेर जाने अवस्थाको अन्त्य हुनुपर्ने बताएका छन्। मन्त्री श्रेष्ठले शुक्रबार राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लिमिटेडको केन्द्रीय कार्यालयको अवलोकन गर्ने क्रममा प्रसारण लाइनको अभावका कारण उत्पादित विद्युत् खेर जाने अवस्थाको अन्त्य हुनुपर्ने बताए।

'प्रसारण लाइनको अभावमा उत्पादित विद्युत् खेर जाने अवस्थाको अन्त्य हुनुपर्छ, सरकार तपाईंहरूको साथमा छ, परिणाममुखी भएर काम गर्नुहोस्', मन्त्री श्रेष्ठले भने। उनले मुलुकको समग्र ऊर्जा विकासका लागि प्रसारण पूर्वाधार निर्माण नै सरकारको मुख्य प्राथमिकता रहेको बताए।



मन्त्री श्रेष्ठले कम्पनीलाई स्पष्ट खाकासहित अगाडि बढ्न र निर्धारित लक्ष्य समयमै प्राप्त गर्न निर्देशन दिए। कम्पनीको कार्यसम्पादनमा आवश्यकपर्ने बजेट तथा दक्ष जनशक्तिको कुनै पनि कमी हुन नदिने उनले स्पष्ट पारे। उनले कर्मचारीलाई उच्च मनोबलका साथ काम गर्न आग्रह गर्दै सरकारले आवश्यक सबै सहयोग उपलब्ध गराउने आश्वासन दिए।

उक्त अवसरमा राष्ट्रिय प्रसारण ग्रीड कम्पनीका प्रमुख कार्यकारी अधिकृत सागर श्रेष्ठले नेपालको जलविद्युत् क्षेत्रको विकास र ऊर्जा सुरक्षा सुनिश्चित गर्न प्रसारण ग्रिडले काम गरिरहेको बताए। अवलोकनमा मन्त्रालयका ऊर्जा सचिव चिरञ्जीवी चटौत, प्रशासन शाखा प्रमुख रुद्रसिंह तामाङलगायतको सहभागिता रहेको थियो।

## कर्पोरेट

### टाटा मोटर्सको 'द ग्रान्ड स्विच एक्सचेन्ज क्याम्प' सुरू




**काठमाडौं (प्रस)–** टाटा मोटर्सको नेपालका लागि आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रालिको 'द ग्रान्ड स्विच एक्सचेन्ज क्याम्प' सुरु भएको छ। तीन गतेसम्म चल्ने उक्त क्याम्पमा ग्राहकलाई आधुनिक, सुरक्षित र विद्युतीय सवारी साधनतर्फ आकर्षित गर्ने उद्देश्यले आयोजना हुन लागेको यस विशेष एक्सचेन्ज क्याम्पमा ग्राहकहरूले विभिन्न आकर्षक सुविधा प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ।

द ग्रान्ड स्विच एक्सचेन्ज क्याम्प अन्तर्गत ग्राहकहरूले नगद छुट, उत्कृष्ट एक्सचेन्ज मूल्यांकन, निःशुल्क आजीवन डीसी फास्ट चार्जिङ, निःशुल्क एक्सेसरिज, निःशुल्क वार्षिक सवारी कर तथा निःशुल्क होम चार्जिङ जडान सुविधा प्राप्त गर्न सक्नेछन्।

यस एक्सचेन्ज क्याम्पमा टाटा मोटर्सका विभिन्न लोकप्रिय विद्युतीय तथा आइसिई सेगमेन्टका मोडलहरू उपलब्ध हुनेछन्। ग्राहकहरूले आफ्नो पुरानो सवारी साधन साटेर नयाँ टाटा गाडी सहज रूपमा खरिद गर्न सक्ने व्यवस्था गरिएको कम्पनीले जानकारी दिएको छ।

एक्सचेन्ज मूल्यांकन सुविधा भने सिप्रदी एस्योर्ड प्रा.लि.द्वारा प्रदान गरिनेछ। ग्राहकहरूले देश भर रहेको टाटा मोटर्सको शोरुममा पुगी यस अवसरको लाभ लिन कम्पनी आग्रह गर्दछ।

### मुक्तिनाथ विकास बैंकको नवनियुक्त सिइओ मानन्धरले गरे पदभार पदभार ग्रहण



**काठमाडौं (प्रस)–** मुक्तिनाथ विकास बैंक लिमिटेडको सञ्चालक समितिको निर्णय अनुसार बैंकको प्रमुख कार्यकारी अधिकृत (सिइओ) पदमा नियुक्त भएका तारा मानन्धरले शुक्रबारदेखि पदभार ग्रहण गरेको बैंकले जनाएको छ।

बैंकिङ्ग तथा व्यवस्थापन क्षेत्रमा अब्बल मानन्धरले विभिन्न वाणिज्य बैंकहरूको उच्च कार्यकारी भुमिका रही कार्य गरेको अनुभव र पछिल्लो समय डिस मेडिया नेटवर्क लि.मा प्रमुख कार्यकारी अधिकृतको रूपमा कार्य गरिरहेका थिए। उनको नेतृत्वले संस्थागत तथा रणनीतिक विकास, सुशासन तथा दिगो बैंकिङ अभ्यासलाई थप प्रभावकारी बनाउने विश्वास बैंकले लिएको छ।

नवनियुक्त प्रमुख कार्यकारी अधिकृत मानन्धरले बैंकको दिर्घकालिन लक्ष्य, उच्चस्तरिय ग्राहक सेवा, कर्मचारीहरूको उच्च मनोबल तथा सरोकारवालाहरूले राखेको विश्वासलाई अझ सुदृढ बनाउँदै बैंकलाई नयाँ उचाइमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका छन्। मुक्तिनाथ विकास बैंक लिमिटेडले उनको सफल कार्यकालको शुभकामना व्यक्त गर्दै आगामी दिनमा बैंकले अझ उत्कृष्ट वित्तीय सेवा प्रदान गर्दै राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुऱ्याउने विश्वास लिएको छ।

# राष्ट्रिय गौरवका आयोजनाको प्रतिफल निराशाजनक

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले आमनागरिकलाई विकासको प्रवाहमा समाहित गर्ने र तीव्र आर्थिक विकासका लागि भनेर अगाडि बढाएका राष्ट्रिय गौरवका आयोजनामा गरिएको लगानीबाट अपेक्षित प्रतिफल प्राप्त हुन नसकेको पाइएको छ।

महालेखापरीक्षकको ६३औं प्रतिवेदनअनुसार राष्ट्रिय गौरवका आयोजनामा रु पाँच खर्ब चार अर्ब ५५ करोडबराबर लगानी भएको छ। त्यसमध्ये हालसम्म तीनवटा मात्रै त्यस्ता आयोजना सम्पन्न भएका छन्। कुल २७ वटा राष्ट्रिय गौरवका आयोजनामा गरिएको लगानीअनुसारको प्रतिफल हासिल हुन नसकेको प्रतिवेदनमा उल्लेख छ।

राष्ट्रिय गौरवका आयोजनाको संशोधित लागत अनुमान रु २४ खर्ब १५ अर्ब छ करोड ९७ लाख र ६९ दशमलव सात करोड अमेरिकी डलर रहेको छ। गौतमबुद्ध विमानस्थल, माथिल्लो तामाकोशी जलविद्युत् आयोजना र पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थलमात्रै सम्पन्न भएका छन्।

समष्टिगत रूपमा भौतिक प्रगति ८० प्रतिशत वा सोभन्दा माथि हासिल गर्ने पाँचवटा आयोजना छन्। यस्तै, ५० देखि ८० प्रतिशत हासिल गर्ने चारवटा छन्। पचास प्रतिशतभन्दा न्यून प्रगति भएका आयोजनाको संख्या नौ, भौतिक प्रगति नखुलेका चार र सुरु नै नभएका दुई आयोजना छन्।

आव २०७८/७९ सम्म सम्पन्न गर्नुपर्ने अवधि रहेको पशुपति क्षेत्र विकास कोषको हालसम्मको प्रगतिसमेत नखुलेको प्रतिवेदनमा उल्लेख छ। अधिकांश आयोजना कार्यक्षेत्र थप गर्दै जाने तथा निर्माण सम्पन्न गर्नुपर्ने अवधिमा नसकिएका कारण लगानीअनुसारको प्रतिफल हासिल हुनसकेको छैन। तोकिएको अवधिमा सम्पन्न हुनेगरी आयोजनाको व्यवस्थापन हुनुपर्नेमा प्रतिवेदनले जोड दिएको छ। यस्तै, आयोजनाको बारम्बार म्याद थपिने प्रवृत्ति देखिएको छ। सोही कारणले लागत वृद्धि हुनुका साथै आयोजनाको प्रभावकारितामा समेत प्रश्न उठेको छ।

### इन्धन र निर्माण सामग्रीको मूल्यवृद्धिले आयोजना प्रभावित

**सिद्धार्थनगर–** लुम्बिनी निर्माण व्यवसायी सङ्घले निर्माण सामग्री तथा इन्धनमा भएको मूल्यवृद्धिका कारण निर्माण क्षेत्र गम्भीर समस्यामा परेको जनाएको छ। संघका अध्यक्ष रमेश बेल्वासेले पछिल्लो समय लागत अत्यधिक बढेकाले निर्माण क्षेत्र नराम्ररी प्रभावित भएको बताए।

डिजेल, बिटुमिन, फलाम, सिमेन्ट, ढुवानी खर्च तथा श्रमिक पारिश्रमिकमा निरन्तर वृद्धि भइरहेकाले पुरानै दरमा आयोजना निर्माण गर्न नसकिने अवस्था सिर्जना उनले भएको बताए। इन्धन र बिटुमिनको अकासिएको मूल्यले निर्माण व्यवसायीहरू ठूलो आर्थिक दबाबमा परेका गुनासो उनले गरे। अध्यक्ष बेल्वासेले निर्माण क्षेत्रमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा लाखौं नागरिक आबद्ध रहेकाले मूल्यवृद्धिको असर समग्र अर्थतन्त्रमा समेत परेको उल्लेख गरे। समयमै मूल्य समायोजन नभए विकास आयोजनाहरू प्रभावित हुने र निर्माण नै ठप्प हुने परिस्थिति सृजना भएको भन्दै उनले निर्माण व्यवसायीहरूले बैंक ग्यारेन्टी, बिमा, धरौटी तथा पेस्कीसम्बन्धी व्यवस्थामा सहजीकरण गर्न सरकारसँग अनुरोध गरे।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्स्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ